# आर्थिक वर्ष २०८२/०८३ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

२०८२, फाल्गुन

# आर्थिक वर्ष २०८२/८३ को

# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ बमोजिम
तयार गरीएको **कोशी प्रदेश सरकारको** बजेट कार्यान्वयनको
अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२)

**प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर**

**२०८२, फाल्गुन**

# मन्तव्य

कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनको अर्धवार्षिक प्रगतिको अवस्था, बजेट कार्यान्वयनका क्रममा देखापरेका समस्या र आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सुधारका काम लगायतका विषयहरु समावेश गरी यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरीएको छ ।अर्धवार्षिक अवधिमा कूल विनियोजित बजेटमध्ये प्रदेशको खर्चको प्रतिशत १६.८० रहेको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा भदौ २३ र २४ को आन्दोलनका कारण आन्तरिक राजश्व संकलनमा कमि आएको तथा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको वार्षिक लक्ष्यको तुलनामा आधाभन्दा कम मात्र प्राप्त भएको अवस्थामा स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। सम्भावित राजश्वका क्षेत्रहरुको पहिचान गर्न आवश्यक सुधार गरी जिम्मेवार निकायहरुबीच प्रभावकारी समन्वय कायम गर्दै राजश्व चुहावट नियन्त्रण र पारदर्शिता कायम गर्न जोड दिईनेछ।

आयोजना छनौट कार्यलाई व्यवस्थित बनाउनका लागि आयोजना बैङ्क प्रणालीको सुधारलाई प्राथामिकतामा राखिएको छ। पूर्व तयारी नभएका एवं आर्थिक र प्राविधिक दृष्टिकोणले सम्भाव्य नदेखिएका प्रस्तावित आयोजनाहरुको पुन: प्राथामिकिकरण गर्नुपर्ने भएको छ।त्यस्तै बहुबर्षिय आयोजनाहरु सम्पन्न गर्नका लागि आवश्यक श्रोतको व्यवस्था मिलाउन आवश्यक देखिएको छ।आगामी दिनमा बहुवर्षीय तथा अनिवार्य दायित्व बजेटमा समावेश गरेर बाँकी रहने स्रोत मात्र नयाँ आयोजनामा विनियोजन गर्ने, आयोजना बैंङ्कको प्रभावकारी कार्यान्वयन गरी दोहोरोपना हटाई व्यवस्थित गर्न आवश्यक भएको छ।

प्रशासनिक खर्च न्यूनीकरण गर्दै पूँजिगत खर्च बढाउन यस अवधिमा प्रदेश सरकारले विशेष निर्णय लिएको छ त्यसले श्रोत परिचालनमा मितव्ययीता कायम हुने विश्वास लिईएको छ। बेरुजु फछ्र्यौट तथा न्यूनीकरण गर्दै आर्थिक अनुशासन कायम गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजनिक खर्च सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाईनेछ।

अन्त्यमा, आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनमा तिव्रता ल्याउन सम्बन्धित सबैलाई आग्रह गर्दै यो प्रतिवेदन तयार गर्न आवश्यक विवरण उपलब्ध गराउने सबै निकाय तथा प्रतिवेदन तयारीमा संलग्न हुने यस मन्त्रालयका सबै कर्मचारीप्रति आभार व्यक्त गर्न चाहान्छु।

विदुर कुमार लिङ्थेप
आर्थिक मामिला तथा योजना मन्त्री

**मन्तव्य**

कोशी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक कार्यक्रमहरुको प्रगति समिक्षा गरी यो अर्धवार्षिक मूल्यांकन प्रतिवेदन विषयगत मन्त्रालय र निकायहरुबाट प्राप्त विवरणका आधारमा तयार गरीएको छ। समीक्षा अवधिभर कोशी प्रदेश सरकारको कूल विनियोजित चालु र पूँजीगत खर्चमध्ये क्रमश: २३.१९% र ९.९३% खर्च भएको छ। यो अर्धवार्षिक समीक्षाबाट आगामी दिनमा वार्षिक लक्ष्यहरु प्राप्त गर्न नीतिगत र कार्यगत सुधारमा पृष्ठपोषणको आधार तय हुने अपेक्षा गरेको छु।

आयोजना बैंङ्कलाई प्राथामिकता दिएर सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्दै चालु र प्रशासनिक खर्चमा न्यूनीकरण गर्न, बेरुजू न्युनीकरण तथा फर्छ्यौट कार्यममा मन्त्रालयको तर्फबाट भईरहेको प्रयासलाई निरन्तरता प्रदान गरीएको छ।

अन्त्यमा यो अर्धवार्षिक प्रगति प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराउने विषयगत मन्त्रालयहरु, निकायहरु र प्रतिवेदन तयारीमा संलग्न मन्त्रालयका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

कोशहरी निरौला

प्रदेश सचिव

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश।

## विषय सूची


**कार्यकारी सारांश** ........ **1**
**परिच्छेद - एक बजेट खर्च र स्रोत परिचालनको विश्लेषण** ........ **2**
१.१ कोशी प्रदेशको समग्र खर्च अवस्था ........ 2
१.१ मन्त्रालयगत खर्च स्थिति ........ 3
१.२ स्रोतगत खर्च विश्लेषण ........ 4
१.३ राजस्व परिचालन तथा अनुदान प्राप्ति ........ 5
१.३.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था ........ 5
१.३.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण ........ 6
१.३.३ समीक्षा अवधिमा राजस्व प्रणाली सुधार गर्न भएका प्रमुख कार्यहरु ........ 7
१.३.३ राजस्व संकलनमा देखिएका चुनौती ........ 8
**परिच्छेद —दुई स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति** ........ **9**
२.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण ........ 9
२.२ सवारी साधन कर बाँडफाँट ........ 9
**परिच्छेद —तीन** ........ **10**
**बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण** ........ **10**
**परिच्छेद —चार** ........ **11**
**समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान** ........ **11**
४.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान ........ 11
४.२ संशोधित आय अनुमानका आधारहरु ........ 11
४.३ खर्चको संशोधित अनुमान ........ 11
४.४ खर्चको संशोधित अनुमानको आधार ........ 12
४.५ खर्चको प्राथमिकीकरण ........ 12
४.५.१ चालु खर्च ........ 12
४.५.२ पूँजीगत खर्च ........ 12
**परिच्छेद —पाँच** ........ **13**
**बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास** ........ **13**
५.१ आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ........ 13
५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति ........ 13
५.३ समीक्षा अवधिमा गरीएका प्रयास ........ 13
५.४ अन्य कार्यहरु ........ 14
**परिच्छेद —छ** ........ **15**
**मन्त्रालयगत वित्तीय प्रगति उपलब्धि** ........ **15**
(१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ 15
(२) आर्थिक मामिला तथा योजना मन्त्रालय ........ 16
(३) उद्योग कृषि तथा सहकारी मन्त्रालय ........ 17
(४) खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय ........ 20

(५) पर्यटन, वन तथा वातावरण मन्त्रालय 21

(६) स्वास्थ्य मन्त्रालय 24

(७) भौतिक पूर्वाधार विकास मन्त्रालय 26

(८) आन्तरिक मामिला तथा कानून मन्त्रालय 28

(९) सामाजिक विकास मन्त्रालय 28

(१०) कोशी प्रदेश सभा सचिवालय 29

(११) प्रदेश लोक सेवा आयोग 30

(१२) प्रदेश योजना आयोग 31

**परिच्छेद- सात 32**

**बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु 32**

**परिच्छेद — आठ 33**

**बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य 33**

**९.१ बजेट तर्जुमा सम्बन्धी** 33

**९.२ बजेट कार्यान्वयन** 34

**९.३ स्रोत व्यवस्थापन** 35

**९.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना** 35

**९.५ सार्वजनिक खर्चलाई मितव्ययीता र प्रभावकारी बनाउनः** 36

९.६ सूचना प्रविधिको उपयोग, विकास 37

**अनुसूची -१ 38**

**२०८2 पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण 38**

अनुसूची-२ 41

रकमान्तर सम्बन्धी विवरण 41

# कार्यकारी सारांश

## बजेट खर्च र स्रोत परिचालनको स्थिति

कोशी प्रदेशको चालु आ.व.२०८२/८३ को कुल बजेट रु.३५ अर्ब ८७ करोड ९९ लाख रहेकोमा अर्धवार्षिक अवधिमा कुल विनियोजनको १६.८० प्रतिशत अर्थात् रु.६ अर्ब ८३ करोड ३६ लाख खर्च भएको छ। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा यस्तो खर्च २०.८ प्रतिशत (रु.७ अर्ब ६६ करोड ८० लाख) रहेको थियो। चालु आ.व.को अर्ध वार्षिक अवधिमा चालु, पुँजिगत र स्थानीय तह अनुदान तर्फ क्रमशः २३.१९, ९.९३ र ३४.१४ प्रतिशत खर्च भएको छ। संघबाट प्रदेशलाई प्राप्त भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्रोतको उपयोग क्रमशः११.८२, १९.११ र १३.२४ प्रतिशत रहेको छ ।

आ.व.२०८२/८३ पुष मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.६ अर्ब ८३ करोड ३६ लाख प्राप्ति भएको छ।यो वार्षिक लक्ष्यको **३७.४५%** हो।

नेपाल सरकारबाट प्राप्त हुने अनुदान तर्फ वित्तीय समानीकरण,विशेष, सशर्त र समपूरक अनुदान गरी जम्मा रु.६ अर्ब १५ करोड २७ लाख निकासा प्राप्त भएको छ।जुन वार्षिक लक्ष्यको तुलनामा **४२.४२% हो।**

प्रदेशको आन्तरिक राजस्व तर्फ समीक्षा अवधिमा रु.१ अर्ब ५५ करोड ९४ लाख अर्थात वार्षिक लक्ष्यको तुलनामा २८.७ प्रतिशत प्राप्ति भएको छ। प्रदेशको आन्तरिक आय गत वर्षको अर्धवार्षिक अवधिको तुलनामा २० प्रतिशतले ऋणात्मक रहेको छ।

समग्रमा, आ.व.२०८२/८३ को पुष मसान्तसम्म प्रदेश सञ्चितकोषमा नगद मौज्दात बाहेक राजस्व, अनुदान र विविध प्राप्ति गरी जम्मा रु.१२ अर्ब ९८ करोड ७१ लाख **(वार्षिक लक्ष्यको ४४.९२%)** प्राप्ति भएको छ। आ.व.२०८२/८३ मा नगद मौज्दात रु.३ अर्व १३ करोड रहेको थियो।

## स्थानीय तहमा वित्तीय हस्तान्तरणको स्थिति

प्रदेश भित्रका स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त र समपूरक अनुदानको पहिलो/दोस्रो किस्ता वापत समिक्षा अवधिमा रु.१ अर्ब ६४ करोड ३१ लाख रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा निकासा गरीएको छ। यस्तै, गरी आ.व.२०८२/८३ को पौष मसान्तसम्म सवारी साधन कर वापतको रु. ३८ करोड ३९ लाख ६६ हजार कोशी प्रदेशका १३७ वटा स्थानीय तहलाई बाडफाँट गरीएको छ।गत आर्थिक बर्षको सोही अवधिमा सवारी साधन कर वापतको रु.४३ करोड ५७ लाख ७ हजार रकम बाँडफाँट गरीएको थियो।

## स्रोत तथा खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको बजेटको खर्च व्यहोर्ने स्रोत तर्फ राजस्व तथा अनुदान प्राप्तिको वार्षिक लक्ष्यको तुलनामा पौष मसान्तसम्मको प्राप्ति, गत आर्थिक वर्षको वार्षिक प्राप्तिको विश्लेषण र नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशन गरेको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनलाई समेत अध्ययन गरी आयतर्फ रु.३२ अर्ब ४५ करोड ६४ लाख अर्थात् वार्षिक बजेटको ९०.४६ प्रतिशत प्राप्ति हुने संशोधित अनुमान गरीएको छ। सोही अनुसार खर्च तर्फ पनि संशोधित अनुमान गरीएको छ। आ.व.२०८२/८३ असार मसान्तसम्म विनियोजनको तुलनामा चालु खर्च ९० प्रतिशत, पूँजीगत खर्च ८८.७४ प्रतिशत र स्थानीय तह अनुदान तर्फ १०० प्रतिशत निकासा वा खर्च हुने संशोधित अनुमान रहेको छ।

# परिच्छेद - एक
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## १.१ कोशी प्रदेशको समग्र खर्च अवस्था

चालु आर्थिक वर्ष २०८१/८२ का लागि कोशी प्रदेशको विनियोजित बजेट रु.३५ अर्ब २७ करोड ९३लाख मध्ये अर्धवार्षिक अवधिमा रु.८ अर्व ७६ करोड ८२ लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको तुलनामा २४.९ प्रतिशत हो। गत आर्थिक वर्ष २०८०/८१ को यसै अवधिमा जम्मा रु.७ अर्व ६६ करोड ८० लाख अर्थात कुल विनियोजनको २०.८ प्रतिशत खर्च भएको थियो। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३०.६ र १३.४ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३१.८ र १५.५ प्रतिशत बजेट खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ को पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण तालिका-१ मा प्रस्तुत गरीएको छ।


### तालिका १ - पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण

(रकम रु. लाखमा)

| बजेट | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | | गत बर्षको सोही अवधिको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक | अर्धवार्षिक खर्च | वार्षिक विनियोजन | अर्धवार्षिक खर्च | वार्षिक विनियोजन | अर्धवार्षिक खर्च | प्रतिशत | |
| चालु खर्च | १२६८११ | ३८८१३ | १४१००४ | ४४८४५ | १३९६६२ | २६९५५ | १९.३० | -३९.८९ |
| पूँजीगत खर्च | २०३८५१ | २७३२२ | १६५२४४ | २५५८५ | १७१०६५ | १७०३६ | ९.९६ | -३३.४१ |
| वित्तीय व्यवस्था | १०० | ० | २०० | - | १००० | ० | ० | ०.०० |
| स्थानीय तह अनुदान | ३६६७३ | १०५४५ | ४६३४५ | १७२५२ | ४७०७२ | १६४३१ | ३४.९१ | -४.७६ |
| **जम्मा खर्च** | **३६७४३५** | **७६६८०** | **३५२७९३** | **८७६८२** | **३५८७९९** | **६०४२२** | १६.८४ | -३१.०९ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चार्टः-१ पहिलो अर्धवार्षिक अवधिको खर्चको तुलनात्मक अवस्था रु.लाखमा




## १.१ मन्त्रालयगत खर्च स्थिति

प्रदेशका सबै मन्त्रालय/निकायको वार्षिक विनियोजन र अर्ध वार्षिक खर्चको विवरण तालिका-२ मा प्रस्तुत गरीएको छ ।

**तालिका -२ पौष मसान्तसम्मको मन्त्रालयगत खर्चको तुलनात्मक विवरण**

(रकम रु. लाखमा)

| मन्त्रालय / निकाय | गत आ.व.२०८१/८२ | | | चालु आ.व.२०८२८३ | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत |
| कोशी प्रदेश सभा | २४५८ | ९०३ | ३६.८ | २५०० | ८०६ | ३२.२ |
| प्रदेश लोक सेवा आयोग | ९६५ | ४५६ | ४७.२ | ९९० | ३८७ | ३९.१ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २१३ | ९९ | ४६.७ | २२० | ७० | ३१.७ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७६१ | ९५८ | २५.५ | ५१२५ | ८२१ | १६.० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५३२५ | २०२२७ | ५७.३ | ३००२४ | ७६७ | २.६ |

| मन्त्रालय / निकाय | गत आ.व.२०८१/८२ | | | चालु आ.व.२०८२८३ | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २१०२४ | ४२२० | २०.१ | २०८८४.७५ | ३९८३ | १९.१ |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ४३४१५ | ८३६४ | १९.३ | ४६०६७ | ७३३३ | १५.९ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १३२०१ | १४८७ | ११.३ | ९६०० | १५३९ | १६.० |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | २३८२२ | ५१८० | २१.८ | २८९०५.५७ | ५७८७ | २०.० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १०३९५२ | १७७५७ | १७.१ | १०५७५१ | १०९५१ | १०.४ |
| सामाजिक विकास मन्त्रालय | १२६३२ | २५२९ | २० | ११६९८.०५ | ३११० | २६.६ |
| स्वास्थ्य मन्त्रालय | ३३७७५ | ८१२४ | २४.१ | ३५१७०.९९ | ८३१८ | २३.७ |
| प्रदेश योजना आयोग | ५१८ | १२५ | २४.१ | ८०० | १२० | १५.० |
| अर्थ - विविध | ११३८७ | - | - | १३३९० | ० | ०.० |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | - | - | - | ६०० | ० | ०.० |
| स्थानीय तह अनुदान | ४६३४५ | १७२५२ | ३७.२ | ४७०७२.६४ | १६४३२ | ३४.९ |
| जम्मा | ३५२७९३ | ८७६८२ | २४.९ | ३५८७९९ | ६०४२४ | १६.८४ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आ.व.को अर्धवार्षिक अवधिमा भएको मन्त्रालयहरुको प्रगति विवरण अनुसार तुलनात्मक रुपमा माथिको तालिकामा विवरण प्रस्तुत गरीएको छ। आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा गत आर्थिक बर्षको सोही अवधिमा भएको खर्चको तुलनामा सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्वास्थ्य मन्त्रालय बाहेक सबै मन्त्रालय निकायको कुल खर्चको प्रतिशत घटेको देखिन्छ। गत आ.व.को अर्धवार्षिक अवधि र यस आर्थिक बर्षको सोही अवधिमा आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च प्रतिशतमा ठुलो अन्तर देखिनुको कारण संघ तर्फ फिर्ता गर्नुपर्ने गत आ.व. २०८१/०८२ को रकम सोही बर्षनै फिर्ता भएकोले हो।

भदौ २३ र २४ मा भएको आन्दोलनका कारण प्रदेश सरकारको निर्णयबमोजिम सार्वजनिक खर्चमा कटौति गर्नेगरी मन्त्रालय/निकायको बजेट रोक्का राखिएकोले पनि खर्चको प्रगति गत बर्षको तुलनामा कम देखिएको हो। त्यस्तै, पहिलो त्रैमासिकमा आयोजना/कार्यक्रमको ठेक्का व्यवस्थापन लगाएतका पूर्वतयारीका कार्यहरु हुने हुँदा दोश्रो चौमासिक सम्म पनि खर्च प्रगति कम देखिएको हो। निर्माणाधिन आयोजनाको अधिकांश भुक्तानी तेश्रो र चौथो त्रैमासिकमा हुने र नगदमा आधारित लेखा प्रणाली अनुसार खर्च जनाइसकेपछि मात्र वित्तीय प्रगति देखिने हुँदा आगामी दिनमा खर्च प्रगति बढदै जाने अनुमान गरीएको छ ।

## १.२ स्रोतगत खर्च विश्लेषण

बजेट वक्तव्य र रातो किताबमा समावेश भएको खर्च व्यहोर्ने स्रोतमा प्रदेश सरकार स्रोत अन्तरगत स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत प्रदेशको आन्तरिक राजस्व, संघबाट बाँडफाँट भई प्राप्त हुने राजस्व र नगद मौज्दातको रकम रहेको छ। चालु आर्थिक वर्षको स्रोतगत खर्चको विवरण तालिका-३ मा प्रस्तुत गरीएको छ ।

तालिका ३ - चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिको स्रोतगत खर्चको विवरण

(रकम रु. लाखमा)

| खर्च व्यहोर्ने स्रोत | बजेट विनियोजन | पुषसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार | २१३७६६ | ४१९७९ | १९.६ |
| वित्तीय समानीकरण अनुदान | ८९८३४ | ११४७१ | १२.८ |
| सशर्त अनुदान | ४३५०८ | ५४८६ | १२.६ |
| विशेष अनुदान | ५५७२ | ७३७ | १३.२ |
| समपूरक अनुदान | ३९१७ | ७४८ | १९.१ |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २२०२ | ० | ०.० |
| जम्मा | ३५८७९९ | ६०४२१ | १६.८ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षको समिक्षा अवधिमा प्रदेश सरकार स्रोततर्फको विनियोजन मध्ये रु.४ अर्ब १९ करोड ७९ लाख अर्थात विनियोजनको १९.६४ प्रतिशत र वित्तीय समानीकरण अनुदानको स्रोत ११.८२ प्रतिशत खर्च भएको छ ।संघ सरकारबाट प्राप्त सशर्त अनुदान,समपूरक अनुदान र बिशेष अनुदानको बजेटमा क्रमशः १२.६, १९.१ र १३.२ प्रतिशत खर्च भएको छ ।

सशर्त, समपूरक र विशेष अनुदानतर्फको खर्च प्रगति प्रतिशत औषतमा प्रदेश सरकार स्रोततर्फको खर्च प्रगति भन्दा न्यून छ। सशर्त र विशेष अनुदानका आयोजना/कार्यक्रममा शर्त सहित वार्षिक बजेट तोकिएर आउने हुँदा आर्थिक बर्षको अन्त्यसम्ममा खर्च नभए उक्त रकम फिर्ता गर्नुपर्ने हुन्छ। संघ समपूरक, विशेष र सशर्त अनुदानको अधिकतम उपयोग गर्न यी अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेगरी मन्त्रालयगत कार्ययोजना बनाई तत्काल कार्यन्वय गर्नुपर्दछ।

## १.३ राजस्व परिचालन तथा अनुदान प्राप्ति

### १.३.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समीक्षा अवधिको स्रोत परिचालनको विवरण तालिका ४ मा समावेश गरीएको छ ।अर्धवार्षिक लक्ष्य नतोकिएकोले कुल वार्षिक लक्ष्य र गत आ.व. को अर्धवार्षिक अवधिसँग तुलना गरीएको छ।

तालिका ४ - पौष मसान्तसम्मको स्रोत परिचालनको तुलनात्मक विवरण

*(रकम रु.लाखमा)*

| स्रोत | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | | वृद्धि प्रतिशत* |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | |
| राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | १२४००८ | ४७९१० | ३८.६३ | १२७४६६ | ५२७४२ | ४१.३८ | १०.०९ |
| आन्तरिक राजस्व (प्रदेशले संकलन गर्ने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ४९८०० | १९५७३ | ३९.३० | ५५००० | १५५९४ | २८.३५ | -२०.३३ |
| वित्तीय समानीकरण अनुदान | ८९४३२ | २२३५८ | २५.०० | ८९८३४ | ४४९१७ | ५०.०० | १००.९० |
| सशर्त अनुदान | ४१६४३ | ११८७३ | २८.५१ | ४३५०८ | १३४७९ | ३०.९८ | १३.५३ |
| समपूरक अनुदान | ६५५० | २१६२ | ३३.०१ | ३९१७ | १३०१ | ३३.२१ | -३९.८२ |
| विशेष अनुदान | ७८०१ | २५७४ | ३३.०० | ५५७२ | १८३९ | ३३.०० | -२८.५५ |
| नगद मौज्दात/अनुदान बचत | - | - | - | - | - | - | - |
| वैदेशिक अनुदान (सोझै भुक्तानी | - | - | - | २२०२ | ० | - | - |

| स्रोत | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | | वृद्धि प्रतिशत* |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | |
| अनुदान) | | | | | | | |
| जम्मा | ३१९२३४ | १०६४५१ | ३३.३५ | ३२७४९९ | १२९८७२ | ३९.६६ | २२.०० |
| पुनश्चः नगद मौज्दात रु.३ अर्ब १३ समेत गरी चालु आ.व.२०८२/८३ को कुल बजेट रु.३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ। | | | | | | | |
| *गत बर्षको अर्धवार्षिक अवधिको तुलनामा वृद्धि प्रतिशत । | | | | | | | |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षमा प्रदेशको समग्र स्रोत प्राप्ति तर्फ २२.० प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ९८ करोड ७२ लाख प्राप्ति भएको छ ।गत वर्षको अर्धवार्षिक अवधिमा संघ वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत मात्र प्राप्ति भएकोमा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा समानीकरण अनुदानको ५० प्रतिशत रकम प्राप्त भएकोले बढी श्रोत प्राप्ति देखिएको हो।
मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको राजश्व बाँडफाँड तर्फ गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा १० प्रतिशत बढी प्राप्त भएको देखिएतापनि वार्षिक लक्ष्यको तुलनामा ४१.० प्रतिशत मात्र प्राप्त भएको हुँदा यो आर्थिक वर्षमा लक्ष्य भन्दा कम नै राजस्व प्राप्त हुने देखिन्छ।प्रदेशको आन्तरिक राजस्वमा गत आर्थिक वर्षको तुलनामा २० प्रतिशत कम प्राप्ति भएको छ।

## १.३.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण

प्रदेश सरकार अन्तरगतका निकायहरुबाट संकलन हुने, मालपोत कार्यालयबाट संकलन भई बाँडफाँट हुने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्ति हुने समेत प्रदेशको आन्तरिक आयतर्फ राजस्व संकलनको शीर्षकगत विवरण तालिका-५ मा प्रस्तुत गरीएको छ ।

*तालिका ५ — प्रदेशको आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण*

(रकम रु. लाखमा)

| राजस्व शिर्षक/क्षेत्र | ०८२/८३ को वार्षिक लक्ष्य | अर्धवार्षिक अवधिको यथार्थ प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत | गत आ.व. २०८१/८२ को पुषसम्मको प्राप्ति | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| **सवारी साधन कर** | १८४०० | ५७७४. | ३१.३८ | ६५३६ | -११.६६ |
| **घरजग्गा रजिष्ट्रेशन शुल्क** | १५००० | ४०८० | २७.२० | ४०२८ | १.२९ |
| **चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी** | ८००० | २९२९ | ३६.६१ | ३१५३ | -७.१० |

| राजस्व शिर्षक/क्षेत्र | ०८२/८३ को वार्षिक लक्ष्य | अर्धवार्षिक अवधिको यथार्थ प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत | गत आ.व. २०८१/८२ को पुषसम्मको प्राप्ति | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९०० | ३६७ | ४०.७८ | ४५१ | -१८.६३ |
| अनुदान/निकासा फिर्ता, बेरुजु | ३३०० | ३०४ | ९.२१ | २६६८ | -८८.६१ |
| स्थानीय तहबाट प्राप्त राजस्व | ५०२६ | ३५६ | ७.०८ | ९४४ | -६२.२९ |
| विविध शुल्क/ अन्य राजस्व | ४३७४.०० | १७८४.०० | ४०.७९ | १७९३ | -०.५० |
| जम्मा | ५५००० | १५५९४ | २८.३५ | १९५७३ | -२०.३३ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

माथिको तालिका-५ को विवरण अनुसार आन्तरिक आयतर्फ वार्षिक लक्ष्यको तुलनामा २८.३५ प्रतिशत मात्र संकलन भएको छ जुन गत आर्थिक वर्षको भन्दा रु.३९ करोड ९७ लाखले (२०.३३ प्रतिशत) कमी हो। घरजग्गा रजिष्ट्रेसन शुल्कमा न्यून वृद्धि भएको देखिएको भएतापनि सो बाहेक आन्तरिक राजस्वका सबै शिर्षकहरुको वृद्धि गत बर्षको तुलनामा नकारात्मक रहेको छ।

अनुदान निकासा फिर्ता, बेरूजु र स्थानीय तहबाट प्राप्त राजस्व वार्षिक लक्ष्यको तुलनामा १० प्रतिशत भन्दा कम नै प्राप्ति भएको छ।प्रदेशबाट स्थानीय तहमा गत आ.व.हस्तान्तरण गरेको सशर्त र समपूरक अनुदानको रकम मध्ये खर्च नभई बचत रकम कतिपय स्थानीय तहबाट गत आर्थिक बर्षको असार महिनामै फिर्ता गरेकोले फिर्ता शीर्षकमा गत वर्षको तुलनामा कमी देखिएको हो ।

## १.३.३ समीक्षा अवधिमा राजस्व प्रणाली सुधार गर्न भएका प्रमुख कार्यहरु

- प्रदेश राजस्व कार्यालय स्थापना गरी सञ्चालनमा ल्याईएको,
- राजस्व संकलन र बाँडफाँटका सम्बन्धमा अन्तरकृया, सम्बन्धित स्थलगत भ्रमण, अनुगमन तथा पत्राचार गरी समन्वय भइरहेको छ ।
- प्रदेश आर्थिक ऐन, २०८२ ले दिएका कर छुट तथा सहुलियतको जानकारी गराउन प्रचारप्रसार एवम् सूचना प्रकाशन तथा प्रसारण गरीएको छ।
- प्रदेश वन नियमावली संशोधनबारे छलफल/समन्वय
- कृषि आय सम्बन्धी निर्देशिका मस्यौदा
- स्थानीय तहमा फर्म दर्ता सम्बन्धी कार्यविधि तर्जुमा गर्न सहयोग
- राजस्व उठाउने केही कार्यालयहरु र स्थानीय तहमा अनुगमन
- प्रदेश आर्थिक ऐन अनुसारको राजस्व सङ्कलनमा सहजीकरण
- मेला, महोत्सव लगायतको मनोरञ्जन कर सङ्कलन गर्न पत्राचार
- पार्क, पिकनिकस्थल लगायतको पर्यटन शुल्क सङ्कलनबारे छलफल

### १.३.३ राजस्व संकलनमा देखिएका चुनौती

- भदौ २३ र २४ को आन्दोलनमा यातायात कार्यालयहरुमा क्षति पुग्नु,
- दहत्तर बहत्तर शुल्क संकलन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश आर्थिक ऐन बीच सामन्जस्यता कायम गरी राजस्व संकलनको क्षेत्राधिकार स्पष्ट गर्नु ।
- प्रदेश सकारकारले लगाउने अधिकांश कर अप्रत्यक्ष प्रकारका हुने हुँदा आम सर्वसाधरणमा करारोपणको स्वीकार्यता र परिपालना बढाउनु,
- प्रदेश र स्थानीय तहमा राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्नु,
- कर बक्यौताको अभिलेख दुरूस्त बनाई असुल गर्न सक्रियता र समन्वयमा सुधार गर्नु,
- कर छुटबारे प्रचारप्रसारमा कमी, करछुटको प्रभावबारे अध्ययन गरी सुधार गर्नु,
- करदाताको अभिलेख, अनलाईन कर प्रणाली व्यवस्थित गर्नु,
- आय ठेक्का कममा लाग्ने, तोकिए भन्दा बढी उत्खनन/सङ्कलन हुने,
- प्राकृतिक स्रोतको चोरी निकासी नियन्त्रण गर्न स्थानीय तहसँगको सहकार्यलाई सुदृढ बनाउनु।
- समिति/संस्थाले सङ्कलन गरेको राजस्व सञ्चित कोषमा दाखिला गर्ने प्रणाली स्थापित गर्नु,
- स्थानीय तहबाट प्राप्त हुनुपर्ने राजस्व र सो को यथार्थ विवरण समयमै प्राप्त गरी स्थानीय तहबाट बाँडफाँट हुने राजस्वको यथार्थ परिमाण र समयवद्ध बाँडफाँटलाई सुनिश्चित गर्नु,
- प्रभावकारी अनुगमनको लागि आवश्यक सीपयुक्त जनशक्ती र अन्य स्रोतको उचित व्यवस्थापन गर्नु ।
- राजस्व चुहावटका क्षेत्रको पहिचान गरी तिनको नियमन गर्नु ।
- सवारी साधन कर तिर्ने सेवाग्राहीका समस्यालाई सम्बोधन गर्न यातायात सम्बन्धी राजस्वलाई अनलाइन दाखिला गर्ने प्रणालीको विकास गर्नु ।

# परिच्छेद —दुई
# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## २.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको अवस्था तालिका-७ मा प्रस्तुत गरीएको छ ।

तालिका ६ - स्थानीय तहलाई अनुदान हस्तान्तरणको विवरण

(रकम रु. लाखमा)

| विवरण | आ.व.२०८२/८३ को विनियोजन | २०८२ पौष सम्मको निकासा | प्रतिशत |
|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | १५००० | ६५७० | ४३.८० |
| सशर्त अनुदान | १६२२५ | ७८९६ | ४८.६७ |
| समपूरक अनुदान | १६००० | १९६३ | १२.२७ |
| **जम्मा** | **४७२२५** | **१६४२९** | ३४.७९ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आ.व. २०८२/८३ को लागि स्थानीय तहमा तीनवटा अनुदान प्रदान गर्न विनियोजित रु.४ अर्व ७२ करोड २५ लाख मध्ये रकम पौष मसान्तसम्म जम्मा रु.१ अर्व ६४ करोड २९ लाख ७० हजार रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरीएको छ । बाँकी किस्ता निकासा गर्नका लागि प्रदेश विनियोजन ऐन,२०८२ अनुसार स्थानीय तहले खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ । सबै स्थानीय तहबाट समयमै खर्चको प्रतिवेदन समयमा प्राप्त नहुँदा अनुदान निकासामा समस्या हुने गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सुत्र र आधार बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरीन्छ। तोकिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार अन्तर्गतका मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरीएको छ ।

## २.२ सवारी साधन कर बाँडफाँट

प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सावरी साधन कर संकलन एवम् प्रशासन प्रदेश सरकारबाट भइरहेको छ। प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर प्रदेशलाई ६० प्रतिशत र स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँड गर्ने प्रावधान रहेको छ । स्थानीय तहलाई हस्तान्तरण हुने सवारी साधन कर २०८० श्रावण देखि पौष मसान्तसम्म स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशतले हुन आउने जम्मा रु ३७ करोड ६३ लाख रकम बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरीएको छ ।

# परिच्छेद —तीन
# बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको विवरण देहायअनुसार रहेको छ। (गत आ.व. को दायीत्व सँग मिल्दैन)

*तालिका -७ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण*

(रकम रु.हजारमा)

| विवरण | रकम |
|---|---|
| सडक पुल | १६५१३२५५ |
| शहरी विकास | २००१४४७ |
| सिंचाई | ९१८७५७ |
| खानेपानी | ९९२१४१ |
| पर्यटन | १८५९५७ |
| प्रदेश सरकारको जम्मा बाँकी दायित्व | २०६११५५८ |

*स्रोतः सम्बन्धित विषयगत मन्त्रालय*

# परिच्छेद —चार
# समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

## ४.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान

चालु आर्थिक वर्षको आयको संशोधित अनुमान तालिका -६ मा प्रस्तुत गरीएको छ।

*तालिका ८- प्रदेशको स्रोत परिचालनको संशोधित अनुमान विवरण*

(रकम रु. लाखमा)

| आय शीर्षक | गत आ.व.२०८१/८२ को प्राप्ति | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | संशोधित अनुमान | अनुपात |
| संघीय राजस्व बाँडफाँट | १११३५३ | १२७४६६ | ११९८१८ | ९४.०० |
| प्रदेशको आन्तरिक राजस्व | ४८९१४ | ५५००० | ४४००० | ८०.०० |
| वित्तीय समानीकरण अनुदान | ८२०६३ | ८९८३४ | ८१७४९ | ९१.०० |
| सशर्त अनुदान | ३७७६६ | ४३५०८ | ३९१५७ | ९०.०० |
| समपूरक अनुदान | ६५५० | ३९१७ | ३५२५ | ९०.०० |
| विशेष अनुदान | ६६७४ | ५५७२ | ५०१५ | ९०.०० |
| नगद मौज्दात | ३१३०० | ३१३०० | ३१३०० | १००.०० |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | ० | २२०२ | | ०.०० |
| **जम्मा** | **३२४६२०** | **३५८७९९** | **३२४५६४** | ९०.४६ |

## ४.२ संशोधित आय अनुमानका आधारहरु

आन्तरिक राजस्व तर्फ चालु आ.व.को अर्धवार्षिक अवधिमा रु.१ अर्ब ९५ करोड ७३ लाख प्राप्त भएको र गत आर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत आधार मानी संशोधित अनुमान तयार गरीएको छ। अर्धवार्षिक अवधिमा आन्तरिक आयतर्फ गत बर्षको सोही अवधिको तुलनामा २० प्रतिशत कम प्राप्तिलाई आन्तरिक आय संसोधनको मुख्य आधारका रूपमा लिईएको छ।

राजस्व बाँडफाँट (मूल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्क) तर्फ चालु आथिक वर्षको अर्धवार्षिक अवधि सम्मको प्राप्ति र अर्थ मन्त्रालयले मूल्य अभिवृद्धि कर र अन्तशुल्क संकलनको वार्षिक लक्ष्य संसोधन गरेको हुनाले सोही आधारमा संसोधित अनुमान गरीएको छ।

नेपाल सरकारले समग्र प्राप्तिमा गरेको संसोधनका आधारमा वित्तीय समानीकरण अनुदान तर्फको आय रकम संसोधन गरीएको हो। समपूरक र विशेष अनुदानतर्फ खर्च नभएको रकम फिर्ता गर्नुपर्ने भएकोले पूर्ण प्राप्ति नहुने अनुमान गरीएको छ । सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत तर्फ कतिपयको निकासा रोक्का हुने वा शोधभर्नाको प्रक्रियामा जाने हुँदा सबै प्राप्ति नहुने भएकोले लक्ष्यभन्दा कम प्राप्ति हुने अनुमान गरीएको छ।

## ४.३ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेट मध्ये असार मसान्तसम्म जम्मा रु.३१ अर्ब ५८ करोड ९९ लाख अर्थात् विनियोजनको ८९.५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरीएको छ। चालु आर्थिक वर्षको खर्चको संशोधित अनुमान तालिका-९ मा प्रस्तुत गरीएको छ।

*तालिका ९ — आ.व.२०८२/८३ को खर्चको संशोधित अनुमान*

(रकम रु. लाखमा)

| खर्चको प्रकृति | बजेट विनियोजन | खर्चको संशोधित अनुमान | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | 139662 | 125696 | 90 |
| पूँजीगत खर्च | 171065 | 151796 | 88.74 |
| वित्तीय व्यवस्था | 1000 | 0 | 0 |
| स्थानीय तह अनुदान | 47072 | 47072 | 100 |
| **जम्मा** | **358799** | **324564** | 90.46 |

## ४.४ खर्चको संशोधित अनुमानको आधार

खर्चको संशोधित अनुमान तयार गर्दा चालु खर्चमा प्रदेश सरकारले लिएको मितव्ययीताको नीतिलाई आधारका रूपमा लिईएको छ।स्थानीय तहमा हस्तान्तरण हुने अनुदानका रकममा कटौति नगरी बजेटको संसोधित अनुमान तयार गरीएको छ।

पूँजीगत खर्च तर्फ बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजित बजेटले अपुग हुने आयोजनालाई स्रोत व्यवस्थापन गर्नुपर्ने हुँदा बजेट समर्पण पश्चात् बचत रकम अपुग हुने पूँजीगत तर्फ खर्च गरीने भएकोले सोही अनुसार संशोधित अनुमान तयार गरीएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेट अधिकांश खर्च गर्ने लक्ष्य राखिएको छ ।

## ४.५ खर्चको प्राथमिकीकरण

### ४.५.१ चालु खर्च

- प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, मितव्ययीता तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७९ बमोजिम प्रशासनिक खर्च व्यवस्थापनमा मितव्ययीता अवलम्बन गरीएको छ ।
- प्रशासनिक खर्चमा मितव्ययीताको नीति अबलम्बन गर्दै अत्यावश्यक बाहेक खर्चहरु नगर्ने नीति अवलम्बन गरीएको छ ।
- सेवा प्रवाह लागत घटाउन विद्युतीय प्रणाली मार्फत सेवा प्रवाहमा जोड दिई कार्यालय र कर्मचारी संख्यालाई सकेसम्म न्यूनतम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी स्थायी दरबन्दी स्वीकृति हुने व्यवस्था मिलाई कार्य सञ्चालन हुने व्यवस्था मिलाउन पहल गरीएको छ ।

### ४.५.२ पूँजीगत खर्च

- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको अवस्था र सिर्जित दायित्व भुक्तानी स्रोतले धान्न सक्ने क्षमता र भविष्यमा गर्नुपर्ने मर्मत सम्भार (खासगरी भौतिक पूर्वाधार) समेतलाई मध्यनजर गर्दा विनियोजन भन्दा बाहेकको थप दायित्व सृजना नगर्ने नीति अवलम्बन गरीएको छ ।
- बहुवर्षीय आयोजनाहरुको बढ्दो दायित्व भुक्तानी गर्न कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरु संघ सशर्त, समपूरक अनुदान तथा लागत साझेदारीमा गर्ने व्यवस्था मिलाईएको छ।
- प्रदेश सरकारले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी नियमन गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाउन अनुरोध गरीएको छ ।
- आयोजना तथा कार्यक्रमहरुको ठेक्का आह्वान गर्दा विनियोजन रकम भन्दा कम रकम बोलकबोल गरी ठेक्का सम्झौता भएको खण्डमा सहायक र पुनः ठेक्का आह्वान नगर्ने साथै त्यस्तो बचत रकम अन्य प्रयोजनमा खर्च नगर्ने नीति अवलम्बन गरीएको छ ।

# परिच्छेद –पाँच

# बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

## ५.१ आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

चालु आ.व. को बजेट कार्यान्वयन गर्न मिति २०८२ श्रावण १ गते आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी भएको छ।संघ अनुदान प्राप्ति र कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयबाट मार्गदर्शन प्राप्त भएको छ।

## ५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति

प्रदेशमा बजेट तर्जुमा तथा व्यवस्थापनमा प्रयोगमा रहेको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट भएको बजेट तथा कार्यक्रमलाई नै सम्बन्धित प्रादेशिक निकायले खर्च गर्ने अख्तियारीको रुपमा मानी खर्च गर्ने गराउने भन्ने प्रदेश विनियोजन ऐन, २०८२ र चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेख रहेको छ।

प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालयलाई चालु आर्थिक वर्षमा संघ सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानका रुपमा वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट PLMBIS मार्फत सम्बन्धित निकायलाई अख्तियारी प्रदान गरीएको छ । स्वीकृत वार्षिक कार्यक्रमको विवरण (कार्यक्रम पुस्तिका) प्रकाशन गरीएको छ। साथै सर्वसाधारणको जानकारीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइड मार्फत सार्वजनिक गरीएको छ ।

## ५.३ समीक्षा अवधिमा गरीएका प्रयास

गत आ.व. २०८२/८३ को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्नुका साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गरीएको छ ।बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन बजेट कार्यान्वयन मार्गदर्शन एवम् अन्य परिपत्रहरु पठाइएको छ ।स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले तर्जुमा गरी लागू गर्न सक्ने गरी विनियोजन ऐनमा व्यवस्था गरीएको छ।

भदौ २३ र २४ को आन्दोलनबाट प्रदेशको राजस्वमा पर्न सक्ने नकारात्मक असर र सार्वजनिक सम्पतिमा भएको क्षतिको पुनःनिर्माणका लागि आवश्यक पर्ने श्रोतको व्यवस्थापनका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार प्रदेश श्रोत तर्फका मन्त्रालयबाट प्रस्तावित कार्यक्रमहरुको बजेट रोक्का राखिएको छ। सबै मन्त्रालयहरुको रोक्का राखिएको रकम रु. १ अर्ब ४६ करोड १५ लाख रहेको छ।श्रोतको अवस्था, कार्यक्रम कार्यान्वयनको क्षमता र आवश्यकता अनुसार उक्त रकम क्रमशः फुकुवा गर्दै लगिनेछ।

यस बर्ष बाढीका कारण क्षति पुगेका संरचना र भदौ २३ र २४ को आन्दोलनबाट भएको क्षतिको पुनःनिर्माण एवं पुनस्थापनाका लागि निम्न बमोजिम रकम निकासा गरीएको छ।

| विवरण | रकम रू हजारमा |
|---|---|
| बाढि पहिरोबाट सिर्जना भएको विपद् व्यवस्थापनका लागि | २५३०० |
| जेन जेड आन्दोलनबाट भएको क्षतिको पुनः निर्माणका लागि | ७२२७० |
| **जम्मा** | **९७५७०** |

## ५.४ अन्य कार्यहरु

- आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० अनुसार प्रदेशस्तरीय आयोजना बैंक व्यवस्थापन प्रणालीमा आयोजना प्रविष्टि गर्ने कार्यलाई जोड दिइएको छ ।
- बेरुजु न्यूनीकरण र फस्योंटको कार्यलाई प्राथमिकतामा राखिएको छ । बेरुजुको अद्यावधिक लगत राख्न विद्युतीय प्रणाली सञ्चालनमा ल्याइएको छ।
- प्रदेशस्तरीय योजना छनौट, वर्गिकरण र आयोजना बैङ्क सम्बन्धी कार्यविधिलाई एकिकृत गर्ने कार्य सुरूवात गरीएको।

# परिच्छेद —छ

# मन्त्रालयगत वित्तीय प्रगति उपलब्धि

प्रदेश सरकारका विषयगत मन्त्रालय र निकायको वित्तीय प्रगति र सम्पादित मुख्य कार्यहरु साथै प्राप्त उपलब्धिलाई यस परिच्छेदमा समेटिएको छ। अर्धवार्षिक समिक्षामा सम्बन्धित मन्त्रालयको प्रस्तुत गरेको विवरणलाई आधार मानि यो विवरण तयार गरीएको हो।

## (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| **विवरण** | बजेट (रु. हजारमा) | | खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| आ.व.२०८२/८३ (पुस मसान्तसम्मको) | चालु | पुजिगत | चालु | प्रतिशत | पुजिगत | प्रतिशत |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २२०००० | २०००० | ६००८६ | २७.३१ | ६३४३ | ३१.७२ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १६८४०० | ११६०० | १३४०२ | ८.३ | ४९० | ४.२२ |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७०० | ० | ४०० | ५७.१४ | ० | ० |
| प्रदेश सहयोग कार्यक्रम | ९१८०० | ० | ० | ० | ० | ० |
| जम्मा | ४७३९०० | ३१६०० | ७३८८७ | १५.५९ | ६८३३ | २१.६३ |

### मुख्य मुख्य प्रगतिको विवरण

- प्रदेश समन्वय परिषद्को आठौं बैठक सम्पन्न,
- प्रदेश प्रशासनिक समन्वय परिषद्को चौथो बैठकको पहिलो चरणको बैठक सम्पन्न,
- गत आर्थिक वर्ष २०८१-८२ को नीति तथा कार्यक्रमको वार्षिक समिक्षा सम्पन्न गरेको,
- माननीय मुख्यमन्त्री र प्रमुख सचिवबीच कार्यसम्पादन संझौता भएको,
- प्रदेश अन्तर्गतका १०० जना कर्मचारीहरुको सरुवा।
- १२४ जना कर्मचारीहरुको अन्तरस्थानीय सरुवा।
- प्रदेश निजामती सेवाका १० जना कर्मचारीहरुको सिटरोल दर्ता तथा ४२६ जना कर्मचारीको सिटरोल संकलन कार्य भएको ।
- प्रदेश सरकार अन्तर्गतका २९ वटा कार्यालय दर्ता भई प्रदेश निजामती किताबखानामा पद

दर्ता भएको ।

- आ.व. २०८१/८२ को सम्पत्ति विवरण स्थानीयतहको जम्मा २६१५४ थान तथा प्रदेश तहको जम्मा ३३६६ थान संकलन गरी भण्डारण गरी राखिएको।

- १३ वटा निकायको तलबी प्रतिवेदन पारित भएको।

**उजुरी तथा गुनासो फछ्र्यौटको अवस्था**

| अख्तियार बाट प्राप्त उजुरी तर्फ | | Hello CM गुनासो तर्फ |
|---|---|---|
| उजुरी (गत आ.व.मा ११ बाकी रहेका) | ११ | २२ |
| फछ्यौंट | जली नष्ट भएकोले पुनः विवरण प्राप्त भएको | |
| प्रक्रियामा | ११ | २२ |

## (२) आर्थिक मामिला तथा योजना मन्त्रालय

**रकम रु. हजारमा**

| बजेट उपशीर्षक | जम्मा बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ३०५०००११ आर्थिक मामिला तथा योजना मन्त्रालय | १०८५३० | २३३५६.४ | २१.५२ |
| ३०५०००१२ उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | २२५००० | ० | ०.०० |
| ३०५०१०११ प्रदेश लेखा नियन्त्रक कार्यालय | २२१६६५३ | ४१२६६.३८ | १.८६ |
| ३०५०१०१२ प्रदेश लेखा इकाई कार्यालयहरू | ४०८१७ | १७४२३.५४ | ४२.६९ |
| ३०५०२०११ प्रदेश राजश्व कार्यालय | १९००० | ३२६६.५३ | १७.१९ |
| ३०५९११२० उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम (संघ सशर्त अनुदान)) | ३९२४०० | ० | ०.०० |
| जम्मा | ३००२४०० | ८५३१२.८५ | २.८४ |

**मुख्य मुख्य प्रगतिको विवरण**

- बजेट कार्यान्वयन मार्गदर्शन जारी

- नीति/कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई लागू
- बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन संसोधनका लागि अध्ययन भईरहेको
- प्रदेशको खर्च कटौतिको प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत
- विषयगत मन्त्रालयहरुसँगको समन्वयनमा पुनःनिर्माणका लागि बजेट रोक्का
- बजेट कार्यान्वयनमा सहजीकरण/रकमान्तर, नाम ठेगाना संसोधन
- विभिन्न मन्त्रालय निकायबाट माग बमोजिम राय तथा सहमति प्रदान
- प्रत्येक महिना आर्थिक बुलेटिन प्रकाशन

## (३) उद्योग कृषि तथा सहकारी मन्त्रालय

| क्र. स. | विवरण | वार्षिक विनियोजन | अर्धवार्षिक बजेट | अर्धवार्षिक खर्च | अर्धवार्षिक खर्च प्रतिशत | वार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| (क) | पूँजिगत तर्फ | | | | | |
| | प्रदेश स्रोत | १४२१७० | १२९०२३ | २५२८२ | १९.६० | १७.७८ |
| | संघ सशर्त स्रोत | ६७९५९ | २११४ | ० | | ० |
| | पूँजिगत तर्फको जम्मा | २१०१२९ | १३११३७ | २५२८२ | १९.२७ | १२ |
| (ख) | चालु तर्फ | | | | | |
| | प्रदेश स्रोत | १५९३९०५ | १०२३९५२ | ३३१२३८ | ३२.३४ | २०.७८ |
| | संघ सशर्त स्रोत | २८४४४१ | ६७९७० | २३९८० | ३५.२८ | ८.४३ |

**उद्योग कृषि तथा सहकारी मन्त्रालय आ.ब. २०८२/८३ प्रथम अर्धवार्षिक अविधिमा सम्पादित कामको विवरण**

- स्थलगत घुम्ती कृषक तालिम कार्यक्रम अन्तरगत कृषि ज्ञानकेन्द्रहरुबाट ४५ वटा स्थलगत तालिम कार्यक्रम सम्पन्न भएको जसबाट १००४ जना कृषकहरुलाई उन्नत खेती प्रविधि सम्बन्धी तालिम उपलब्ध गराईएको।

- जिल्लास्तर कृषक तालिमकार्यक्रम अन्तरगत कृषि ज्ञानकेन्द्रहरुबाट३ दिने ११ वटा जिल्लास्तरीयतालिम सम्पन्न भएको जसबाट १९३ जना कृषकहरुलाई व्यावसायिक तरकारी तथा फलफूल, बेमौसमी तरकारी खेती लगायतका विषयमा उन्नत खेती प्रविधि सम्बन्धी तालिम संचालन गरीएको।

- विद्यालयका विद्यार्थीसँग कृषि शिक्षा कार्यक्रम अन्तरगत कृषि ज्ञानकेन्द्रहरुबाट४५ वटा विद्यालयमाहरुमा  कृषि शिक्षा कार्यक्रम सम्पन्न भएको जसबाट १४४२ जना विद्यार्थीहरुलाई कृषिका विभिन्न प्राविधिक, आर्थिक र उन्नत खेती प्रविधिसम्बन्धी जानकारी/तालिम प्रदान गरीएको ।

- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कायक्रम अन्तरगत १५ स्थानमा कार्यक्रम सम्पन्न भई ४३८ जना कृषकहरु लाभान्वित भएका।कृषकहरुमा जैविक तथा वानस्पतिक विषादीको महत्व र बनाउने तरिका/विधिसम्बन्धीतालिम मार्फत जानकारी प्रदान गर्नुका साथै जैविक तथा वानस्पतिक विषादी बनाउने ४३८ वटा प्लाष्टिकको ड्रम, १२५० लिटर EM झोल, ५५० के.जी ट्राईकोडर्मा, २५ वटा Electric Dryer  आदि उपलब्ध गराईएको ।

- विषादि रहित खाना सम्बन्धी सचेतनाका लागि आमा समूह परिचालन कार्यक्रमबाट ६ वटा आमा समूहमा सचेतना गोष्ठी सम्पन्न भई १६७ जना महिलाहरुलाई दैनिक खानपान र स्वास्थ्यमा रासायनिक विषादिको असर र यसलाई न्यूनीकरण गर्ने उपायहरु सम्बन्धी अभिमुखीकरण गराईएको।

- सुन्तलाजात बगैंचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रम अन्तरगत १२  स्थानमा कार्यक्रम सम्पन्न भएको जसबाट ३२१ जना कृषकहरुको बगैचा सुदृढीकरणमा सहयोग उपलब्ध गराईएको ।

- माटो परीक्षण शिविर तथा माटो सुधारका लागि कृषि चुन र हरियो मल प्रवर्द्धन कार्यक्रम मार्फत १३  स्थानमा माटो परिक्षण गरी  ११७७ वटा माटोको नमुना संकलन भई परीक्षण भएको। माटोको पि.एचको आधारमा कृषि चुन वितरण गरीएको।३ स्थानमा मोबाइल स्वायल भ्यान मार्फत माटो परिक्षण शिविर संचालन गरीएको।

- उन्नत प्रविधि प्रदर्शन कार्यक्रमबाट १८ वटा स्थानमा उन्नत  प्रविधि प्रदर्शनका कार्यक्रम सम्पन्न गरीएको जस्तैः मोरङ्गमा ह्याप्पी सुपर सिडरबाट मकै र गहुँ बाली रोपण प्रदर्शन संचालन, झापामा शुन्य खनजोतबाट मकै रोपण, ताप्लेजुङ्गमा आलु बालीमा मल्चिङ्ग प्रविधि, भोजपुरमा अलैंची बगानको पुनर्स्थापना सम्बन्धी प्रदर्शन कार्यक्रम संचालन भएको। विभिन्न तरकारी बाली (आलु, प्याज, क्याप्सिकम, गोलभेंडा आदिमा) मल्चिङ् र थोपा सिंचाई सहित प्लाष्टिक टनेल भित्र खेती प्रदर्शन गरीएको।

- कृषि प्राविधिक/कृषक सहजकर्ताहरु मार्फत कृषक पाठशाला कार्यक्रम संचालन कार्यक्रमबाट ८ वटा कृषक पाठशाला संचालन भई २५० जना कृषकहरुलाई तरकारी बालीमा एकिकृत

शत्रुजीव व्यवस्थापनपद्धति बारे प्रशिक्षण गरीएको।

- स्थानीय तहमा कार्यरत प्राविधिक सँग मासिक समन्वय तथा तथ्याङ्क अद्यावधिक बैठक कार्यक्रम अन्तरगत स्थानीय तहमा कार्यरत कृषि प्राविधिक सँग २८ वटा र पशु सेवा प्रावधिकसँग २५ वटा समन्वय वैठक सम्पन्न गरी तीनै तहको सरकारको कृषि विकास कार्यक्रम कार्यान्वयन सहजिकरण, विपदजन्य घटनाको तथ्याङ्क संकलनमा समन्वय गरीएको ।

- प्लान्ट क्लिनिक कार्यक्रमबाट विभिन्न जिल्लाका २२ स्थानमा कार्यक्रम सम्पन्न भई १०३३ जना कृषकहरुको २२७२ वटा विभिन्न बालीरोहरुको रोग कीरा तथा खाद्यतत्व कमीका नमुना स्थलगत रुपमा परीक्षण गरी उपचारको उपायहरु सुझाईएको।

- खोरेत रोग नियन्त्रण आयोजना तर्फ सबै जिल्लामा जिल्लास्तर प्राविधिक समिति बैठक, खोप कार्य अभिलेखिकरण सफ्टवेयर/एप्लिकेशन प्रयोग (AVIS) सम्बन्धि अभमुखिकरण,.खोरेत रोग सर्भिलेन्स (Seromonitoring- Pre and Post vaccination), खोरेत रोग विरुद्ध खोप अभियानमा १० लाख ६३ हजार खोप लगाईएको ।

- पशुपन्छी उपचार सेवा अन्तरगत जिल्ला स्थित भेटेरिनरी अस्पतालहरुबाट अर्धवार्षिक अवधिमा १८४३७६ पशुपन्छीहरुको उपचार र ९४१४ प्रयोगशाला परीक्षण सेवा उपलब्ध गराईएको।

- रेविज रोग ब्यवस्थापन कार्यक्रम अन्तरगत १४ वटा विज्ञ केन्द्रहरुबबाट ११०२४ वटा कुकुर र विरालोहरुमा रेविज रोग विरुद्ध खोप लगाइएको ।

- अर्धवार्षिक अवधिमा गाई, भैसीमा ७१६९५बाख्रा ३७०वंगुर ७३गरी जम्मा ७२१३८ वटा पशुहरुमा उन्नत नश्लको सिमेनबाट कृत्रिम गर्भाधान गराईएको ।

- पशुपन्छीको खोप कार्यक्रम अन्तरगत खोरेत,पि.पि.आर.,स्वाइन फिवर, रानिखेत, लम्फी स्कीन डिजिज गरी जम्मा१५९१७८१ पशु लाई खोप लगाइएको ।

- व्यवसायिक पशु फार्महरुमा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत धनकुटा,इलाम र सोलुखुम्वुमा५५वटा व्यवासायिक पशु फार्महरुमा गाई १७५,भैसी, २५बाख्रा, १४४वंगुर, ३२भेडा, १२२, कुखुरा २११गरी जम्मा ७०९ वटा पशुपन्छीहरुको परिक्षण गरी स्थलगत उपचार गरीएको।

- पशु स्वास्थ्य शिविर कार्यक्रम अन्तरगत ६ वटा विज्ञकेन्द्रहरुबाट ७ पटक पशु स्वास्थ्य शिविर सम्पन्न भएको, गाई ७३७ भैसी १३५ बाख्रा ३४१६ वंगुर ९० भेडा १९ कुखुरा १५४८ याक/नाक ९५ र कुकुर २२ गरी जम्मा ६०६२ वटा पशुपन्छीहरुको परजिवि नियन्त्रण/ बाझोपन निवारण तथा अन्य रोगी पशुपन्छीहरुको उपचार गरी औषधि वितरण गरीएको।

- व्यवसायिक मत्स्य फार्महरुमा स्थलगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा

कार्यक्रबाट १३ वटा फर्महरुमा स्थलगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा दिएको ।

- बैंक/ सहकारी संस्था / वित्तीय संस्था मार्फत प्रवाह भएको कर्जामा ब्याज अनुदान कार्यक्रममा ८ वटा वाणिज्य बैंक, १० वटा सहकारी संस्थासँग र ४ वटा वित्तीय संस्थासँग कृषि कर्जा प्रवाह गर्न सम्झौता गरी ७ वटा बैंकबाट ५३ जना कृषि उद्यमीलाई १६ करोड २७ लाख ६४ हजार, ३ वटा वित्तीय संस्था मार्फत ८५ जना कृषि उद्यमीलाई ११ करोड १६ लाख ९६ हजार र ३ वटा सहकारी संस्था मार्फत २५ जना कृषि उद्यमीलाई २ करोड १६ लाख ८३ हजार गरी कुल १६३ जना कृषि उद्यमीलाई २९ करोड ६१ लाख ४४ हजार कृषि कर्जा उपलब्ध गराई ब्याज अनुदान उपलब्ध गराउने प्रक्रियामा रहेको ।

- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तरगत किवीफल, सुन्तलजात फलफूल, एभोकाडो, ओखर, स्याउ र उच्च घनत्व स्याउ गरी १०८ हेक्टर क्षेत्रफलमा बगैचा स्थापनाको लागि प्रस्ताव स्वीकृत गरी सम्झौता अघि बढाईएको । आयोजनाबाट गत आ.ब. र चालु आ.ब.मा गरी ५१ हेक्टर क्षेत्रफलमा फलफूल रोपण सम्पन्न भएको ।

- अर्धवार्षिक अवधिमा २६८१ उद्योग दर्ता, ७८२१उद्योग नवीकरण ९०१ खारेजी गरीएको छ । यसै गरी बाणिज्य फर्म तर्फ १७६२ बाणिज्य फर्म दर्ता, ५४४५ नवीकरण र ४४२ खारेजी भएका छन ।

- यस अवधिममा घरेलु तथा साना उद्योग कार्यालयहरुबाट ३४२ जनालाई उद्यशिलता विकास तालिम, ३४२ जनालाई उद्यम विकास तथा रोजगार तालिम, ४२ जनालाई उद्यम प्रवर्द्धन तालिम, युवा उद्यमशिलता तथा औद्योगिक जनशक्ति विकास तालिममा १४६ जना सहभागि गराईएको छ ।

- यस अर्धवार्षिक अवधिमा घरेलु तथा साना उद्योग कार्यालयहरुबाट १०४५ उद्योग अनुगमन, १०१८ ब्यवसायिक फर्मको अनुगमन र ९० पटक बजार अनुगमन गरीएको छ ।

- सहकारी रजिस्ट्रार कार्यालयबाट ६९ वटा सहकारीको नियमित र ११ वटाको सघन अनुगमन गरीएको। अनुगमनका आधारमा ८० वटा सहकारी संस्थालाई निर्देशन दिईएकोमा २४ संस्थाबाट निर्देशन कार्यान्वयनको प्रतिबद्धता प्राप्त भएको छ।

- सहकारी संस्थाको कोपोमिस, सहकारी ब्यवस्थापन, सहकारी सचेतना र सहकारीका लागि आधारभूत तालिमहरु सञ्चालन गरीएका छन।

## (४) खानेपानि सिँचाई तथा उर्जा मन्त्रालय

| सि.नं. | कार्यक्रम | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | खानेपानी | १६२९८ | ३१५३ | १९.३५% | |
| २ | सिंचाई | २२१३८ | २३१७ | १०.४७% | |
| ३ | ऊर्जा | १५३१ | ७६.९२ | ५.०२% | |
| | जम्मा | ३९९६७ | ५५४७ | १३.८८% | |

## आयोजना कार्यक्रम कार्यान्वयनको अवस्था

| क्रम संख्या | कार्यक्रम/आयोजना | बजेट (लाखमा) | स्थिति | सम्पन्न % |
|---|---|---|---|---|
| १ | वैकल्पिक तथा नविकरणीय ऊर्जा | १०९६ | पाँच वटा क्रमागत योजना सम्पन्न भएको, नया १० वटा नया य्जनाहरुकोस्थलगत निरीक्षण भई ५ वटा योजनाको ल. ई. तयार खरिद प्रकिर्यको तयारीमारहेको | ५ |
| २ | जलस्रोत तथा सिंचाईविकास | १२९७८ | ७८३ योजना, ५२ सम्पन्न | ६.६४ |
| ३ | जलउत्पन्न प्रकोपनियन्त्रण | ६७९४ | ५५४ योजना, १०३ सम्पन्न | १८.५९ |
| ४ | खानेपानी तथा सरसफाई | १५५१८ | १४३६ योजना, २ सम्पन्न | ०.२ |
| ५ | अन्य (गाडीखरिद, भवन निर्माण/मर्मत आदि ) | ९२१ | | ० |
| ६ | जलस्रोत तथा सिंचाईविकास | १४२५ | ४४ योजना, ० सम्पन्न | ० |
| ७ | जलउत्पन्न प्रकोपनियन्त्रण | ६०० | २ योजना, ० सम्पन्न | ० |
| ८ | खानेपानी तथा सरसफाई | ६३५ | २२ योजना, १ सम्पन्न | ०.४५४ |

## (५) पर्यटन, वन तथा वातावरण मन्त्रालय

### प्रदेश तर्फका आयोजना/कार्यक्रमको वित्तीय प्रगति

| सि नं | कार्यक्रमको नाम | बजेट उपशिर्षक | विनियोजित वार्षिक बजेट | खर्च (रु हजारमा) | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३२९०००११ | १६१५२० | २,३५,८४ | १४.६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम | ३२९००१०१ | ५३७९९ | १,०९,२१ | २०.३० |
| ३ | प्रदेश वन निर्देशनालय | ३२९०१०११ | ४३८०० | १,४०,४८ | ३२.०७ |
| ४ | डिभिजन वन कार्यालयहरु | ३२९०१०१२ | ८५१९७१ | ३३,५१,७६ | ३९.३४ |
| ५ | प्रदेश वन विकास तथा जडिबुटी प्रवर्द्धन कार्यक्रम | ३२९०११०१ | २२७८२४ | ५,१७,४६ | २२.७१ |
| ६ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ३२९०२०११ | २४३०९ | ५५,१९ | २२.७० |
| ७ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ३२९०३०११ | ३६११५ | १,०३,०६ | २८.५४ |
| ८ | भू तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३२९०३१०१ | ११९५३६ | ४,३३,०९ | ३६.२३ |
| ९ | पर्यटन प्रबर्द्धन तथा पूर्वाधार विकास आयोजना | ३२९०४०११ | ६०८६६५.२५ | २,१०,९९.२७ १ | ३.४६ |
| १० | पर्यटन कार्यालयहरु | ३२९०४०१२ | ३९८८४ | ९९४८.६०७ | २४.९४ |
| | **जम्मा** | | **२१६७४२३** | **५२५६५६.८७** | **२४.२५** |

**संघीय सशर्त अनुदान अन्तर्गतका कार्यक्रमको वित्तीय प्रगति**

| सि नं | कार्यक्रमको नाम | बजेट उपशिर्षक | विनियोजित वार्षिक बजेट (रु हजारमा) | खर्च (रु हजारमा) | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३२९९११२० | ७५१०० | ३६३१५ | ४८.३६ | १०० |
| २ | वातावरण विभाग | ३२९९११२१ | ३२५०० | ० | ०.०० | ४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जडिबुटी विकास कार्यक्रम | ३२९९११२२ | २६००० | २३ | ०.०९ | ४० |
| ४ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३२९९११२३ | १८०००० | १०१५१ | ५.६४ | ३५ |
| ५ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ३२९९११२४ | १८७००० | १६२९९ | ८.७२ | ४० |
| ६ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | ३२९९११२५ | ४९००० | ३६३९ | ७.४३ | ७० |
| | जम्मा | | ५४,९६,०० | ६,६४,२७ | | |

**पर्यटन विकास आयोजना तर्फको प्रगति विवरण**

| आयोजनाको विवरण | अर्धवार्षिक अवधिसम्म |
|---|---|
| जम्मा योजना | ६३९ (४ वटा बहुवर्षिय समेत) |
| सर्भे सम्पन्न भएको योजना | ३७० |
| ईस्टिमेट सम्पन्न भएका योजना | १८५ |
| ठेक्का प्रक्रियामा गएका योजना | ९३ |
| सम्झौता भई निर्माण कार्य भैरहेका | ३१ |
| ठेक्का खुल्ने प्रक्रियामा रहेका योजना | १५ |
| कार्य सम्पन्न भएका योजना | १ |

**मुख्य मुख्य प्रगतिको विवरण**

- तोकिएका स्थानहरूको क्षेत्र छनौट तथा प्राविधिक ईष्टिमेट गरी कार्य संचालनको भइरहेको ।
- विरूवा उत्पादन कार्य शुरू भई पकेट क्षेत्र छनौट तथा फिल्डस्तरको कार्य भईरहेको
- परियोजना लागु भएका जिल्लाहरूमा बजेट तथा कार्यक्रम तर्जुमा गरी सम्बन्धित जिल्लामा कार्यान्वयन भईरहेको ।

- वन अतिक्रमण नियन्त्रण, जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन,मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको कार्य भईरहेको ।

- खोला कटान नियन्त्रण, पोखरी निर्माण, पहिरो नियन्त्रणका कार्य गर्न फिल्ड भेरिफिकेन तथा लागत ईष्टिमेट तयारी भईरहेको ।

## (६) स्वास्थ्य मन्त्रालय

| **बजेट उपशीर्षक** | **वार्षिक बजेट** | **अर्धवार्षिक लक्ष्य** | **अर्धवार्षिक खर्च** | **खर्च %** | **टिप्पणी** |
|---|---|---|---|---|---|
| ३७०००११ स्वास्थ्य मन्त्रालय | ६१८३८ | ५०% | १७०२४ | २७.५% | |
| ३७००१०११३ प्रदेश स्वास्थ्य तालिम केन्द्र | १६२७१ | ५०% | ३६०६ | २२.१६ | |
| ३७००१०१२३ प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | २२१८९ | ५०% | ७०३० | ३१.६८ | |
| ३७००१०१३३ प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३१०३१ | ५०% | ११५६३ | ३७.२६ | |
| ३७००११०१ स्वास्थ्य निर्देशनालय | ३७३६३ | ५०% | १३६८२ | ३७.४२ | |
| ३७००११०२ स्वास्थ्य कार्यालयहरू | १९६६९५ | ५०% | ७६४६४ | ३८.८७ | |

**स्वास्थ्य मन्त्रालयको कार्यक्रमगत वित्तीय प्रगतिको विवरण**

| बजेट उपशीर्षक | वार्षिक बजेट | अर्धवार्षिक लक्ष्य | अर्धवार्षिक खर्च | खर्च % | टिप्पणी |
|---|---|---|---|---|---|
| जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम ३७००११०३ (चालु) | ४३२१५७ | ५०% | ८१६८२ | १८.८% | |

| | | | | | |
|---|---|---|---|---|---|
| जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम ३७००११०३(पूँजी) | ११९०० | ५०% | ५५६ | ५.०१% | |
| अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम ३७००२१०३(चालु) | ४९८००१ | ५०% | ७९०१४ | १५.८७ | |
| अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम ३७००२१०३(पूँजी) | ३४४०५० | ५०% | ७७५५ | २.५% | |
| प्रविधिमूलक विशेषज्ञ स्वास्थ्य सेवा सवलीकरण कार्यक्रम(पूँजी) | ६०००० | ५०% | २११६ | ३.५३ | |
| आयुर्वेद स्वास्थ्य सेवा सवलीकरण(चालु) | ६९०१५ | ५०% | १५९५९ | २३.१२ | |
| ३७००२१०२३ अस्पतालहरू | ७३५५०३ | ५०% | २५१२६५ | ३४.२३ | |

**मुख्य मुख्य उपलब्धिको विवरण**

- कोशी घुम्ती अस्पताल सञ्चालनझापाको कमल गाउँपालिकामा १ पटक घुम्ती अस्पतालबाट विशेषज्ञ स्वास्थ्य सेवा प्रदान (जम्मा३६३ जना सेवाग्राही लाभान्वित भएको)
- प्रदेशभित्रका सरकारी संयन्त्रका प्रयोगशालाबाट प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रेषित प्रयोगशाला नमुनाको निःशूल्क ढुवानी नियमित रुपमा भइरहेको।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तर्फ ५ वटा कार्यक्रम सम्पन्न भएको।
- तालिमः PEN and Mental health Module 2B तालिम, स्वास्थ्यकर्मीहरुका लागि जलन सम्बन्धी तालिम, तालिम गुणस्तर सुधारका लागि तालिम साइटहरुबीच अन्तर्क्रिया एम्बुलेन्स चालकहरुका लागि first aid सम्बन्धी ६ वटा तालिम सम्पन्न भएको।
- विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधिको मसौदा अन्तिम चरणमा पुगेको।

## (७) भौतिक पूर्वाधार विकास मन्त्रालय

रकम रु. हजारमा

| क.सं. | कार्यक्रम | आ.व. २०८२/०८३ को | | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| | | वार्षिक बजेट | अर्धवार्षिक खर्च | वार्षिक लक्ष्यको तुलनामा |
| 1 | **चालु तर्फ** | ४२६१६५ | १२७२१९.३६ | २९.८५% |
| 2 | **पुँजिगत तर्फ** | १०२१२९३५ | ९६९३७२.३९ | ९.४९% |
| **कुल जम्मा** | | १०६३९१०० | १०९६५९१.७६ | १०.३१% |

### भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट उपशिर्षकगत वित्तीय प्रगति

| क.सं. | बजेट उपशीर्षक | आ.व. २०८२/०८३ को | | |
|---|---|---|---|---|
| | | वार्षिक बजेट | अर्धवार्षिक खर्च | वार्षिक लक्ष्यको तुलनामा प्रगति |
| १ | ३३७०१०११भौतिक पूर्वाधार विकास मन्त्रालय | ३४३०७० | ४८२७९.८९ | ०.१४०७ |
| २ | ३३७००१४०भौतिक पूर्वाधार विकास मन्त्रालय (संघ समपूरक अनुदान) | ५८१४०० | १०८२०५.७६ | ०.१८६८ |
| ३ | ३३७००१४१श्रोत सहमति प्राप्त बहुवर्षिय आयोजनाहरु(शहरी विकास , सडक, पुल, भवन) | ३९१२६०० | ६९६८८७.९८ | ०.१७८१ |
| ४ | ३३७०१०११पूर्वाधार विकास निर्देशनालय | ५४००० | ३९३.२८ | ०.००७३ |
| ५ | ३३७०१०१२पूर्वाधार विकास कार्यालयहरु | २७२९६५ | ३५०१३.३८ | १२.८३% |
| ६ | ३३७०११०४सडक तथा पुल पूर्वाधार | ३१३१८५० | ५७१९२.१ | १.८२% |
| ७ | ३३७०११०५शहरी विकास तथा भवन पूर्वाधार | ६९३५५० | १७४०५.५८ | २.५१% |
| ८ | ३३७९११३८आवास व्यवस्था कार्यक्रम (संघ शसर्त अनुदान) | २१७०० | १३७९.९८ | ६.३६% |
| ९ | ३३७९११४०स्थानीय स्तरका सडकपूल तथा सामुदायिक पहुच सुधार पर्योजना (संघ शसर्त अनुदान) | ९०००० | - | - |
| १० | ३३७९११४१ग्रामीण सडक सुधार आयोजना (संघ शसर्त अनुदान) | ७७७८०० | - | - |
| ११ | ३३७९११४२वस्ति विकास कार्यक्रम (संघ शसर्त अनुदान) | २८८००० | ४५५८.८१ | ०.०१९८ |

| क्र.सं. | बजेट उपशीर्षक | आ.व. २०८२/०८३ को | | |
|---|---|---|---|---|
| | | वार्षिक बजेट | अर्धवार्षिक खर्च | वार्षिक लक्ष्यको तुलनामा प्रगति |
| १२ | ३३७९११४४बैकलपिक साहायक राजमार्ग विकास कार्यक्रम (संघ शसर्त अनुदान) | ३६००० | - | |
| १३ | ३३७९११४५सडक पूर्वाधार विकास कार्यक्रम (संघ शसर्त अनुदान) | १०००० | ११८.६५ | ०.०११९ |

**कार्यक्रम आयोजना कार्यान्वयनको स्थिति**

| क्र.सं. | कार्यक्रम/आयोजना | बजेट (हजारमा) | स्थिति (कार्यान्वयनको अवस्था) | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| १ | बहुबर्षिय सडक-विगत देखि चालु (७३ वटा)-RCIP को समेत | २,८०,००,०० | ५ वटा सम्पन्न, ५ वटा सम्पन्न हुने | १० |
| २ | बहुबर्षिय सडक आयोजना-आयोजना-०८१-८२ को श्रोत सहमति प्राप्त (१५ वटा) | ४४,०५,०८ | खरिद प्रक्रियामा तथा निर्माण चरणमा | ५ |
| ३ | बहुबर्षिय सडकपुल आयोजना-विगत देखि चालु (६० वटा) | १,००,००,०० | २ वटा सम्पन्न, १० वटा सम्पन्न हुने | १५ |
| ४ | बहुबर्षिय सडकपुल आयोजना-०८१-८२ को श्रोत सहमति प्राप्त (४८ वटा) | ७१,९९,९७ | २५ वटा निर्माण, २३ वटा खरिद प्रक्रियामा | २० |
| ५ | झोलुङ्गेपुल आयोजना-विगत देखि चालु (५६ वटा) | ७७,२०,०० | ५ वटा सम्पन्न, १५ वटा सम्पन्न हुने | १० |
| ६ | झोलुङ्गेपुल आयोजना--०८१-८२ को श्रोत सहमति प्राप्त (१८ वटा) | ८,५६,०० | १८ वटा निर्माण चरणमा | १० |
| ७ | भवन तर्फका आयोजना-विगत देखि चालु (२२ वटा) | ४९,०९,२९ | ४ वटा सम्पन्न, ५ वटा सम्पन्न हुने | २० |
| ८ | भवन तर्फका आयोजना-०८१-८२ को श्रोत सहमति प्राप्त (१९ वटा) | ३०,४५,५० | ३ वटा निर्माण चरणमा,१६ वटा खरिद प्रक्रियामा | ५ |
| ९ | सालवसाली आयोजना (११५९वटा) | ३,६०,००,०० | २९ वटा सम्पन्न,.बाँकी निर्माण | १० |

| क्र.सं. | कार्यक्रम/आयोजना | बजेट (हजारमा) | स्थिति (कार्यान्वयनको अवस्था) | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| | | | चरणमा | |

## (८) आन्तरिक मामिला तथा कानून मन्त्रालय

रकम रु.हजारमा

| विवरण | मन्त्रालय | यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरु (८) | कुल जम्मा |
|---|---|---|---|
| चालु बजेट | ३८,५४,५० | २१,१२,५० | ५९,६७,००, |
| चालु खर्च | ६,३६,८७ | ७,६०,२९ | १३,९७,१६, |
| **खर्च %** | **१६.५२** | **३५.९९** | **२३.४१** |
| पुँजिगत बजेट | ३४,४०,०० | १,९३,०० | ३६,३३,०० |
| पूँजीगत खर्च | ४१,९४ | ९०,६९ | १,३२,६३, |
| **खर्च %** | **१.२२** | **४६.९९** | **३.६५** |
| जम्मा बजेट | ७२,९४,५० | २३,०५,५० | ९६,००,०० |
| जम्मा खर्च | ६,७८,८१ | ८,५०,९८ | १५,२९,७९ |
| **खर्च %** | **९.३१** | **३६.९१** | **१५.९४** |

## (९) सामाजिक विकास मन्त्रालय

रकम रु हजारमा

| विवरण | अन्तिम बजेट | खर्च | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु बजेट | १०३३३४० | २८०८७२ | ७८००७८ | २७.१८ |
| पूँजीगत बजेट | ९८२५६ | २८२४४ | ८०६११ | २८.७५ |
| जम्मा | ११३१५९६ | ३०९११६ | ८२२४८० | २७.३१ |

मुख्य मुख्य प्रगतिको विवरण

- सुरक्षित आप्रवासनका लागी आप्रवासी श्रोतकेन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्वन्धि निर्देशिका, २०८० कोशी प्रदेश सरकारद्वारा स्वीकृत ।
- मन्त्रालयले आप्रवासीहरुको संजाल दर्ता गर्ने प्रावधानको व्यवस्था गरेको जसका कारण प्रदेश स्तरिय संजाल दर्ता भएको ।

- श्रम तथा रोजगारीको क्षेत्रमा विभिन्न कार्यक्रम र वजेट विनियोजन । श्रम डेस्क निर्माण (५स्थानीय तहमा) डिजिटल आप्रवासन पार्श्वचित्र (५ स्थानीय तहमा)।

- श्रम रोजगार नीतिको मसौदा निर्माण गरी सरोकारवाला सँग छलफल ।

- श्रमको सम्मान, अन्तरिक रोजगारी, सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक र आर्थिक पुनःएकीकरण सम्वन्धमा सचेतना अभियान प्रदेश स्तरीय रिर्टनी संजाललाई अनुदान। ५,२३६ जना शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरुले समावेशी शिक्षा सम्बन्धी तालिम प्राप्त गरेका छन्। १,३५४ जना बालबालिकाले कार्यक्रमबाट सहयोग पाएर विद्यालय भर्ना भएका छन्।

- खेलकुद सम्बन्धी विधेयक मस्यौदा तर्जुमा भएको।

- शैक्षिक परामर्श तथा भाषा कक्षा सम्बन्धी विधेयक तर्जुमा चरणमा रहेको ।

- भाषा आयोगको सिफारिसबमोजिम मैथिली र लिम्बु/याक्थुङ भाषालाई नेपाली भाषाका अतिरिक्त प्रदेशको कामकाजको भाषा बनाउन प्रदेश सभामा विधेयक पेस भएको ।

- औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनका लागि ७ वटा शिक्षालय/विद्यालय छनौट भई तालिम कार्यक्रम संचालनमा रहेको ।

- TVET प्रोफायल निर्माण भएको ।

- ठूला विद्यालय विकास कार्यक्रम तथा बौद्धिक अपाङ्गता भएका वालवालिकाहरूका लागि पुर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा निकासा भइसकेको ।

- स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित कार्यक्रमहरूको स्पेसिफिकेसन स्वीकृत गरी कार्यान्वयनका लागि पठाइको ।

## (१०) कोशी प्रदेश सभा सचिवालय

रकम रु.हजारमा

| ब.उ.शि.नं. | वार्षिक बजेट | अर्धवार्षिक लक्ष्य | अर्धवार्षिक खर्च | खर्च |
|---|---|---|---|---|
| २०२०००११३ | १७९७६३ | ११३०८० | ५८६५१ | ५१.८७ |
| २०२०००११४ | २७५० | ११२५ | ३१९ | २८.४१ |
| २०२०००१२३ | ६१०४९ | ३२०९९ | १९७७८ | ६१.६२ |
| २०२०००१२४ | २७५० | १७५० | १४८३ | ८४.७७ |
| २०२००००१३ | ३६८८ | २१९८ | १३६६ | ६२.१६ |

**पारित भएका विधेयक**

१. कोशी प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

२. सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८२

३. योगदानमूलक निवृत्तिभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

४. कोशी प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक

५. कोशी प्रदेश तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्था गर्न बनेको विधेयक, २०८२

## (११) प्रदेश लोक सेवा आयोग

रकम रु.हजारमा

| बजेट तथा खर्चको अर्धवार्षिक अवस्था | | | | | |
|---|---|---|---|---|---|
| बजेट उपशीर्षक | वार्षिक बजेट | अर्धवार्षिक लक्ष्य | अर्धवार्षिक खर्च | खर्च % | टिप्पणी |
| २१०००००१३ | ६,०८५ | ५०% | ३,८५६ | ६३.३७ | माननीय सदस्यहरुको अवकाशपछिको भुक्तानीले गर्दा लक्ष्यभन्दा बढी खर्च भएको |
| २१००००११३ | ९०,९१५ | ५०% | ३८५४९ | ४२.४० | आयोगको परिक्षाका कार्यक्रमहरु निरन्तर चलिलरहेकाले खर्च लक्ष्य नजिक रहेको |
| २१००००११४ | २,००० | ६०% | ९०६ | ४५.३२ | |

**सम्पादित मुख्य मुख्य प्रगतिको विवरण**

- नवौं तहको प्राविधिक पदहरुको पाठ्यक्रममा मामिला प्रस्तुतीकरण र अप्राविधिक पदका लागि इन बास्केट परीक्षा प्रणाली लागू,
- अन्तर्वार्तामा सहभागी भई सिफारिस हुन बाँकी रहेका सबै उम्मेदवारहरुलाई वैकल्पिक सूचीमा राख्ने व्यवस्था गरीएको,
- प्रदेश र स्थानीय तहको समान तहको पदमा संयुक्त पाठ्यक्रमबाट संयुक्त परीक्षा सञ्चालन
- छनोट भएका उम्मेदवारहरूलाई समान पदमा सिफारिस वा नियुक्ति भएको वा कार्यरत नरहेको व्यहोराको स्व-घोषणा गराउने व्यवस्था गरीएको,
- कर्मचारीको ग्रेड सम्बन्धी बेरुजु (सम्मानित अदालतमा बिचाराधिन) बाहेक अन्य बेरुजु शुन्य रहेको।

### (१२) प्रदेश योजना आयोग

रकम रु.हजारमा

| बजेट उपशिर्षक | वार्षिक बजेट | अर्धवार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २९१०००११३ | ६४५०० | १११६८ | १७.३२ |
| २९१०००११४ | ६००० | ३१ | ५.२९ |
| ३६५००१०६३ बहुक्षेत्रीयपोषण कार्यक्रम | १३०० | | |

**प्रदेश योजना आयोगबाट सम्पादित मुख्य मुख्य कार्यक्रमको विवरण**

- बहुक्षेत्रीय पोषण योजना तेस्रोको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा गोष्ठी
- प्रदेशस्तरीय विकास समस्या समाधान उपसमिति तथा समितिको बैठक
- आयोजना छनौट तथा वर्गीकरण र आयोजना बैङ्क व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ (मस्यौदा) तर्जुमा
- प्रदेश तथ्याङ्क नियमावली २०८२ (मस्यौदा) तर्जुमा
- कोशी योजना आयोग (गठन तथा सञ्चालन) आदेश २०८२ तर्जुमा
- प्रदेशस्तरीय आयोजना बैंक व्यवस्थापन प्रणालीको सफ्टवेयर निर्माणको चरणमा रहेको
- प्रदेश तथ्याङ्क प्रणालीको सफ्टवेयर निर्माणको चरणमा रहेको
- कोशी प्रदेश क्षमता विकास योजना प्रतिवेदनको कार्यान्वयनलाई थप प्रभावकारी तथा व्यवहारिक बनाउन गठित समितिद्वारा आवश्यक सुधारको कार्य भइरहेको
- अन्तर प्रदेश योजना आयोग सम्मेलन चैत्र मसान्तभित्र सम्पन्न गर्न तयारीको कार्य भइरहेको

**निम्न बमोजिमका अवधारणापत्र स्वीकृत भई कार्यक्रम अगाडि बढाउने चरणमा रहेको:**

- बसाइँसराइको अवस्था र प्रभाव अध्ययन
- आयोजना तथा कार्यक्रमहरूको बजेट परिचालन ट्र्याकिङ प्रणाली (Budget mobilization tracking system)
- कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरुयोजना
- परम्परागतरुपमा घर परिवारमा उत्पादन गर्दै आएको घरेलु मदिराको उत्पादन र ब्राण्डिङ

- नीति/योजना आयोगहरुको अन्तर प्रदेश सम्मेलन
- नीति संवाद

# परिच्छेद- सात
# बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु

- पूर्व तयारी पूरा नभएका आयोजना/कार्यक्रम बजेटमा समावेश हुनु,
- बहुवर्षीय दायित्व सिर्जना भएका आयोजनामा पर्याप्त विनियोजन नभएको र नयाँ तथा साना आयोजनामा बढी विनियोजन हुने गरेको।
- भदौ २३ र २४ को आन्दोलनले राजस्व संकलन र खर्च प्रभावित भएको।
- संघ समानीकरण अनुदान कटौती हुनु।
- बजेट रकमान्तर तथा कार्यक्रम संशोधनको माग अत्यधिक हुने गरेको।
- पुनःनिर्माण कोषमा स्रोत व्यवस्थापन गर्नुपर्दा बजेटमा अतिरिक्त चाप परेको।
- कार्यक्रम, गोष्ठी, प्रशासनिक खर्च लगायत चालु खर्चमा मितव्यीता हुन नसकेको।
- राजस्व सङ्कलन सम्बन्धी पर्याप्त कार्य हुन नसकेको।
- बजेट कार्यान्वयनमा अनुशासनको कमी र कानूनको परिपालना नभएको
- तोकिएको समयमा बजेट समर्पण नहुने साथै आर्थिक बर्षको अन्त्यमा प्रगति बढाउन बजेट समर्पण गर्ने प्रवृत्ति देखिएको,
- दोहोरिएका आयोजनाको बजेट समर्पण गर्न पत्राचार गर्दा पनि प्राप्त नभएको।
- सालबसाली आयोजनाको भुक्तानी बाँकी रहेको देखिएको।
- अवण्डामा बजेट राखी वर्षैभरी बाँडफाँट हुने प्रवृत्ति देखिएको।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना गैरबजेटरी सालबसाली तथा बहुवर्षीय दायित्व सृजना हुने गरेको।
- आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण समयमा प्राप्त नभएको।
- सरकारी जग्गा र सम्पत्तिको अभिलेख तथा व्यवस्थापन प्रभावकारी नभएको।
- स्रोत सहमति नभई बहुवर्षीय ठेक्का लगाइएकोमा थप बजेट माग हुने गरेको।
- संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभई धेरै रकम फिर्ता हुँदा बजेट व्यवस्थापनमा थप चाप परेको।
- LMBIS र PLMBIS को स्रोत, क्रियाकलाप संकेत र त्रैमासिक विभाजनमा एकरुपता नहुँदा सशर्त अनुदान तथा वैदेशिक स्रोतको खर्च, फुकुवा र फिर्तामा समस्या भएको।
- लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजु फर्स्यौट प्रभावकारी हुन नसकेको।
- कुनै कार्यमा विनियोजित बजेटको मिल्दो शीर्षकबाट खर्च गर्न सकिने अवस्था हुँदाहुँदै थप बजेटका लागि माग हुने गरेको।
- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय वा संरचना स्थापना गर्ने प्रवृत्ति।
- प्रदेश अन्तर्गतका जनशक्तिबाट सम्पादन हुनसक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च हुने गरेको।

- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणाली व्यवस्थित नभएको र आयोजना बैक प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको।
- सवारी साधन उपयोगको प्रभावकारी व्यवस्थापन हुन नसकेको।
- प्रदेश सरकारको सम्पत्तिको अभिलेख र व्यवस्थापन प्रभावकारी हुन नसकेको आदि।

# परिच्छेद — आठ

# बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य

## ९.१ बजेट तर्जुमा सम्बन्धी

- प्रदेशको, आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचना बनाई बजेट तथा कार्यक्रम तर्जुमाको कार्यलाई प्रभावकारी बनाउने।
- दिगो विकास लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय लक्ष्य तथा दीर्घकालिन सोच, राज्यका नीतिहरु तथा मौलिक हकको कार्यान्वयमा प्रदेशको कार्यक्षेत्र अनुसार कार्यक्रम तर्जुमा गर्नुपर्ने।
- आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली लागू गर्ने।
- नेपाल सरकारबाट स्वीकृत विकास आयोजनाको वर्गीकरण मापदण्ड, २०८० अनुसार प्रदेशस्तरका आयोजना मात्र प्रदेश सरकार अन्तर्गतका निकायले सञ्चालन गर्नुपर्ने।
- प्रदेशको सीमित स्रोत र प्रतिबद्ध दायित्व अत्यधिक रहेको विद्यमान परिस्थितिमा प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत एवम् कार्यान्वयन गर्ने।
- प्रदेशको स्रोतले प्रदेशको कार्यक्षेत्र भित्र र सिर्जित दायित्व भुक्तानीमा स्रोतले धान्न नसक्ने अवस्थामा संघले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन नगर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुमा दोहोरोपना हटाउन पर्याप्त समन्वय गर्ने।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणालीलाई व्यवस्थित र सहभागितामूलक जिल्ला/निर्वाचनक्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने।
- स्रोत सहमति भएका र बहुवर्षीय ठेक्का लागेका आयोजनाको लागि सिलिङ छुट्याउने।
- आयोजना छनौटलाई व्यवस्थित बनाउन आयोजना बैंकमा रहेका आयोजनाहरुको पूर्वतयारी गरेर मात्र बजेटमा समावेश हुने व्यवस्थालाई अनिवार्य पालना गर्नुपर्ने।
- पर्यटन विकास आयोजना र संस्कृति तर्फका आयोजना छुट्याउनु पर्ने। पर्यटकीय सम्भावनाका क्षेत्रमा वातावरणीय र पुरातात्विक अध्ययन गरेर मात्र प्रदेश सरकारले लगानी गर्नुपर्ने।
- धार्मिक, सांस्कृतिक पुरातात्विक क्षेत्रका आयोजना/कार्यक्रममा प्रदेश सरकारले केही लागत साझेदारी गर्न सकिने वा अनुदान दिन उपुयक्त हुने।
- स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरणको स्पष्ट आधार तथा मापदण्ड बनाउनु पर्ने।
- डि.पि.आर गर्नुपर्ने जति सबै आयोजनाको लागि सम्बन्धित मन्त्रालयमा बजेट राखेर ठेक्का लगाउनु पर्ने।

- प्रदेशका सरकारी भवन निर्माण र मर्मत सम्भारका सबै कार्य शहरी विकास कार्यालय मार्फत गर्ने गरी बजेट तर्जुमा गर्ने।
- सामुदायिक भवन निर्माण, पार्क, भ्यूटावर, रिफ्रेशमेन्ट सेन्टर जस्ता आयोजनालाई समुदाय र निजीक्षेत्रसँगको साझेदारीमा गरी राजस्वको थप स्रोत सृजना गर्ने।
- संघ समपूरक र विशेष अनुदान माग गर्दा पुरानो दायित्व धेरै भएका आयोजनालाई प्राथमिकता दिनुपर्ने। प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार संघ सशर्त अनुदान प्राप्त हुनुपर्ने।
- विकास समिति, बोर्ड लगायतका निकायको र सबै सरकारी कोषको व्यय अनुमानलाई प्रदेशको बजेटमा आवद्ध गर्नुपर्ने।
- चालु तथा प्रशासनिक खर्च, कार्यक्रम, गोष्ठीमा बजेट विनियोजन गर्न स्पष्ट मापदण्ड बनाउनुपर्ने।
- रकमान्तर तथा कार्यक्रम संशोधन गर्न नपर्ने गरी मन्त्रालयहरुले पर्याप्त गृहकार्य गरेर बजेट प्रस्ताव गर्नुपर्ने।
- संघ सशर्त, समपूरक र विशेष अनुदानको आयोजना तथा कार्यक्रमहरु प्रदेशलाई वैशाख मसान्तभित्र प्राप्त गर्न पहल गर्नुपर्ने।

## ९.२ बजेट कार्यान्वयन

- खर्च नहुने रकम, बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजित रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको बाँकी भुक्तानी व्यवस्थापनमा केन्द्रीत भएर बजेट कार्यान्वयन गर्ने गराउने।
- प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण तथा स्रोत सुनिश्चितता नगरी बहुवर्षीय खरिद प्रक्रिया अगाडि नबढाउने।
- सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने।
- बहुवर्षीय आयोजनाको बाँकी दायित्व भुक्तानीमा स्रोत व्यस्थापन गर्न पहिलो प्राथमिकता दिनुपर्ने।
- हालसम्म कार्यान्वयन प्रकृयामा नगएका आयोजनाहरु स्थगित गर्नुपर्ने।
- अनिवार्य दायित्व बाहेक प्रशासनिक तथा कार्यक्रम खर्च, पूँजीगत तर्फ मेशिनरी, फर्निचर, पूँजीगत परामर्श, पूँजीगत सुधार र मर्मतसम्भार शीर्षकमा खर्च भएर बाँकी रकमको २५ प्रतिशत कटौती गर्नुपर्ने।
- चालू आव २०८२/८३ को हकमा तत्काल खर्च नहुने तथा न्यून प्राथमिकताका आयोजनामा विनियोजित रकमबाट रकमान्तर गरी प्राथमिकताप्राप्त आयोजनामा स्रोत व्यवस्थापन गर्ने।
- खर्च नहुने बजेट चैत्र १५ गतेभित्र अनिवार्य रुपमा समर्पण गर्नुपर्ने।
- स्वीकृत बजेट तथा कार्यक्रमको उद्देश्य फरक हुनेगरी आयोजना कार्यक्रम संशोधन तथा रकमान्तर नगर्ने।

- बहुवर्षीय स्वीकृत प्राप्त आयोजनामा बाहेक चालु आर्थिक वर्षको दायित्व आगामी वर्षमा नसार्ने गरी भुक्तानी व्यवस्था गर्नुपर्ने।
- आर्थिक मामिला तथा योजना मन्त्रायको सहमति बिना थप दायित्व सिर्जना नगर्ने।

## ९.३ स्रोत व्यवस्थापन

- प्रदेशको आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउने तर्फ सक्रियता हुनुपर्ने।
- राजस्व सङ्कलनको समीक्षा, कानूनी व्यवस्थाको पूर्ण पालना र संघीय निकायसँग समन्वय गर्नुपर्ने।
- वित्तीय समानीकरण अनुदान कटौती नगर्न नेपाल सरकारसँग अनुरोध गर्नुपर्ने।
- संघ वित्तीय समानीकरण अनुदानको रकम र राजस्व बाडफाँटको हिस्सा बढाउन संघसँग पहल गर्नुपर्ने।
- संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायताको निकासा वा शोधभर्ना समयमा गर्ने वातावरण बनाउने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको लागि कारोवार मूल्यको आधारमा संकलन गर्न नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कमा नीतिगत एवम् कानूनी सुधार गरी एकरुपता कायम गर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
- वन पैदावर बिक्रि शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- स्थानीय तह र राजस्व संकलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्यांक अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने।
- राजस्व चुहावट नियन्त्रणमा प्रदेशको कार्य तथा भूमिका तय हुनुपर्ने।

## ९.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- अति आवश्यकमा बाहेक रकमान्तर तथा कार्यक्रम संशोधनको कार्य नगर्ने।
- विनियोजित बजेट भन्दा बढीको र स्वीकृत कार्यक्रम भन्दा बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।

- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्‌मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- विनियोजन भन्दा बाहेक र यस मन्त्रालयको सहमति बिना दायित्व सृजना हुने गरी खर्चको प्रतिवद्धता नजनाउने वा सम्झौता नगर्ने।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी बनाई वित्तीय अनुशासनलाई सबल बनाउने।
- As Built Drawing पेश भएपछि, नापी किताब प्रमाणित गरेर, खरिद तथा निर्माणको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिने।
- आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने।
- अनुदान सहायता र मागमा आधारित कार्यक्रमलाई कार्यविधि स्वीकृत गराई खुला रुपमा सूचना आह्वान गरी कार्यान्वयन गर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने।
- मासिक/त्रैमासिक रुपमा मन्त्रालय र मातहतको प्रगति समीक्षा गर्ने।
- तोकिएको समय (चैत्र १५ भित्र) मा खर्च नहुने सम्पूर्ण बजेट समर्पण गर्ने।
- आयोजनाको निर्माण कार्य जेठ मसान्तसम्म हुने गरी खरिद योजना कार्यान्वयनमा जोड दिने।
- प्रगति समीक्षामा तथा बेला बेला भएका निर्देशन तथा परिपत्रको कार्यान्वयन गर्ने गराउने आदि।
- कार्यक्रम तथा परियोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको रिपोर्टिङलाई यथार्थ परक बनाउने।
- गैर बजेटरी खर्च गर्नै प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- बेरुजु न्यूनीकरण गर्ने, सो को लगत राख्ने, फर्स्यौट तथा असुल उपर सम्बन्धी कार्य गर्ने गराउने।
- उच्च पदाधिकारीहरुसँग भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य भए नभएको समीक्षा/मूल्याङ्कन गर्ने ।
- आयोजनाको गुणस्तर परीक्षण गर्ने प्रणाली स्थापित गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।
-

## ९.५ सार्वजनिक खर्चलाई मितव्ययीता र प्रभावकारी बनाउनः

- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेशको चालु तथा प्रशासनिक खर्च वृद्धि भईरहेको हुँदा मन्त्रालय एवम् कार्यालयहरुबाट सम्पादन हुन सक्ने कार्यको लागि छुट्टै स्वायत्त संस्था, बोर्ड, आयोग, समिति गठन वा अन्य कुनै संरचना स्थापना नगर्ने।
- नयाँ कार्यालय स्थापना वा दरबन्दी थप गर्दा वित्तीय दायित्वको पर्याप्त अध्ययन गरेर मात्र हुनुपर्ने।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।

- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने
- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यलय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- सवारी साधन, फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।
- सूचना प्रणालीको प्रयोग, तथ्याङ्क सङ्कलन तथा अद्यावधिक र अभिलेख व्यवस्थित गर्ने।
- बहुवर्षीय आयोजना, संघ अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनको प्रगतिको अभिलेख मासिक रुपमा अद्यावधिक गर्नुपर्ने।

## ९.६ सूचना प्रविधिको उपयोग, विकास

- सवारी साधन कर संकलनको लागि online service and payment system बनाउन पहल गर्नुपर्ने।
- प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न Public Asset Management System (PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने ।
- राजस्व, बजेट एवम् लेखांकन सम्बन्धी सूचना प्रणालीहरुबीच एक अर्कासँग आवद्धता कायम गर्ने।
- बजेट तर्जुमा गर्दा तयार गरीने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।
- प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने ।
- Project Management प्रणालीको प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने ।
- प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने ।

# अनुसूची -१
## २०८२ पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण

| विवरण | रकम रु. |
|---|---|
| २०२ प्रदेश व्यवस्थापिका | |
| चालु विनियोजन | २४४५००००० |
| चालु खर्च | ७८८०६१३९.८७ |
| पूँजीगत विनियोजन | ५५००००० |
| पूँजीगत खर्च | १७५५६२५ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| २१० प्रदेश लोक सेवा आयोग | |
| चालु विनियोजन | ९७०००००० |
| चालु खर्च | ३७८६८८७९.३९ |
| पूँजीगत विनियोजन | २०००००० |
| पूँजीगत खर्च | ८६६९१४ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | |
| चालु विनियोजन | २१५००००० |
| चालु खर्च | ६९७४८५७ |
| पूँजीगत विनियोजन | ५००००० |
| पूँजीगत खर्च | ० |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| चालु विनियोजन | ४८०९००००० |
| चालु खर्च | ७५२९११८०.९६ |
| पूँजीगत विनियोजन | ३१६००००० |
| पूँजीगत खर्च | ६८३२८७४ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| चालु विनियोजन | २९७०७५२००० |
| चालु खर्च | ७४९१८३६०.४ |
| पूँजीगत विनियोजन | ३१६४८००० |
| पूँजीगत खर्च | १७८१७३६.३२ |
| वित्तीय विनियोजन | ० |

| | |
|---|---|
| वित्तीय खर्च | ० |
| ३१२ उद्योग, कृषि तथा सहकारी मन्त्रालय | |
| चालु विनियोजन | १८७८३४६००० |
| चालु खर्च | ३६८७४३१३०.४ |
| पूँजीगत विनियोजन | २१०१२९००० |
| पूँजीगत खर्च | २९५४६७२९.९७ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३१३ खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | |
| चालु विनियोजन | ५१०००००० |
| चालु खर्च | १८२९९५९४२.३ |
| पूँजीगत विनियोजन | ३९९६७००००० |
| पूँजीगत खर्च | ५५०३३३९४१.५ |
| वित्तीय विनियोजन | १००००००० |
| वित्तीय खर्च | ० |
| ३१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| चालु विनियोजन | ५९६७००००० |
| चालु खर्च | १४०६६४०७३.२ |
| पूँजीगत विनियोजन | ३६३३००००० |
| पूँजीगत खर्च | १३२६२८४५.८५ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३२९ पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| चालु विनियोजन | १४२४८९४००० |
| चालु खर्च | ४९०३४१७३७.२ |
| पूँजीगत विनियोजन | १४६५६६३००० |
| पूँजीगत खर्च | ८८३७४२१७.६८ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| चालु विनियोजन | ४२६१६५००० |
| चालु खर्च | १२६६९६१५२.८ |
| पूँजीगत विनियोजन | १०२१२९३५००० |
| पूँजीगत खर्च | ९६८३६०१३३.५ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३५० सामाजिक विकास मन्त्रालय | |
| चालु विनियोजन | १०६०९५०००० |
| चालु खर्च | २८२७७१३७६.२ |

| | |
|---|---|
| पूँजीगत विनियोजन | १०८८५५००० |
| पूँजीगत खर्च | २८२४३७७३.५ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३७० स्वास्थ्य मन्त्रालय | |
| चालु विनियोजन | ३१३४९४९००० |
| चालु खर्च | ८१७८३२९११.५ |
| पूँजीगत विनियोजन | ४५२१५०००० |
| पूँजीगत खर्च | १३९७५३८५.२६ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ३९१ प्रदेश योजना आयोग | |
| चालु विनियोजन | ७४०००००० |
| चालु खर्च | ११६४४४०८ |
| पूँजीगत विनियोजन | ६०००००० |
| पूँजीगत खर्च | ३१७३२३ |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | |
| चालु विनियोजन | ६००००००० |
| चालु खर्च | ० |
| पूँजीगत विनियोजन | ० |
| पूँजीगत खर्च | ० |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ६०२ अर्थ - विविध | |
| चालु विनियोजन | १०१३७००००० |
| चालु खर्च | ० |
| पूँजीगत विनियोजन | २४६०००००० |
| पूँजीगत खर्च | ० |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |
| ८०१ स्थानीय तह | |
| चालु विनियोजन | ४७१२५६४००० |
| चालु खर्च | १६४३१७६७५१ |
| पूँजीगत विनियोजन | १००००००० |
| पूँजीगत खर्च | ० |
| वित्तीय विनियोजन | ० |
| वित्तीय खर्च | ० |

अनुसूची-२

रकमान्तर सम्बन्धी विवरण

| आन्तरिक रकमान्तरको विवरण (एउटै अनुदान संकेतभित्र) | | |
|---|---|---|
| **मन्त्रालय** | **रकमान्तर थप** | **रकमान्तर घट** |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९३०७५ | ९३०७५ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १९३०० | १९३०० |
| उद्योग कृषि तथा सहकारी मन्त्रालय | ११०० | ११०० |
| खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय | १९५०० | ५००० |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | २०००० | ९२०० |
| प्रदेश योजना आयोग | ५६० | ५६० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | २२७३५२ | १४६१८२ |
| सामाजिक विकास मन्त्रालय | ९००० | ९००० |
| स्वास्थ्य मन्त्रालय | १२५६२४ | ५५६२४ |
| स्थानीय तह | २२३०० | ० |
| **जम्मा** | ५३७८११ | ३३९०४१ |

श्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय